(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)



चैत २०८२

२९४

(साहित्य, कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)

**२०८२ चैत (Mar-Apr 2026)**

वर्ष २५ अङ्क ६ पूर्णाङ्क २९४ (Year 25 Issue 6 Total issue 294)

सल्लाहकार : प्रा.डा. गोविन्दराज भट्टराई र प्रा.डा. जीवेन्द्रदेव गिरी

प्रधान-सम्पादक : धीरकुमार श्रेष्ठ

सम्पादक : भोगेन्द्र लिङ्देन, गोविन्द घिमिरे, टेकेन्द्र चेम्जोङ र सागर फुयाँल

कला संयोजन : राजेश मानन्धर

व्यवस्थापन : तुलसीकुमार कन्दङ्वा

वेबसाइट : https://sabdankur.com

http://bit.ly/sabdankur

आवरण : चैत्र पलाएको वृक्ष

ISSN : 2773-7969

मूल्य रु. ४५/-

**पत्रिकाको ठेगाना**

sabdankur@gmail.com/sabdankur58@yahoo.com

काठमाडौँ, नेपाल मोबाइल नं. ९८४१-३६२०३२

मुद्रक : कोसी प्रिन्टिङ प्रेस, बबरमहल, काठमाडौँ

**वितरक :** साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स, चावहिल, काठमाडौँ ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

## यस अङ्कभित्र

### कविता

शास्त्रीय छन्दका छाँगा : डा. बमबहादुर थापा जिताली ३, हामी : अनुज श्रेष्ठ 'पृथक्' ४, के के : श्रीश पौडेल १०, (अ)सुरक्षा : विपेन आदिमा १२, बाटो मेरो र उसको : देवराज सिम्खडा १३, जुम्लाको जाडोमा : नारदप्रसाद थपलिया १५, मलाई तिमीसँग... : सुशान्त थापा १६, ढाकिएको नाक : सीतादेवी छेत्री १७, नैतिक शिक्षा : अरुणकुमार भुजेल १८,

### लघुकथा/कथा/निबन्ध/समालोचना/समीक्षा

छलकपट : घनबहादुर थापा १९, फैसला ? : सुनिलकुमार श्रेष्ठ १९, खै खै !... : हरि कट्टेल २०, प्रकाशपथ : अमरेशसिंह भदौरिया २१, मनभित्रको युद्ध : चिरञ्जीवी दाहाल २३, घर : भोलानाथ सुवेदी २६, स्वार्थ : ध्रुवराज थापा 'पुरुष' २७, भूमिकाका दृष्टिले लोरिकायन... : शीतल गिरी २८, विद्रोही साहित्यकार... : प्रा.डा. बन्धु कोइराला ४०, कवि अस्मिता विष्टको... लक्ष्मीकृष्ण श्रेष्ठ ४४

# हाम्रो अभिमत

यसै वर्षको भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा धन र जन दुवैको अपूरणीय क्षति भयो । परिणामस्वरूप हाम्रो राजनीतिक यथास्थितिमा परिवर्तन अनिवार्य भयो । त्यही अनिवार्यताको फलस्वरूप फागुन २१ गतेका दिन सम्पन्न प्रतिनिधि सभाको निर्वाचनले परम्परागत राजनीतिक पद्धति र सञ्चालनको तरिकामा व्यापक परिवर्तन ल्याउनुपर्ने स्पष्ट सङ्केत प्रदान गऱ्यो । परपरम्परागत रूपमा असम्भव मानिएका कतिपय परिणामहरू चिताउँदै नचिताएको रूपमा सहज ढङ्गले सम्पन्न भइसकेको स्थिति छ । परिवर्तनको माग शीर्षमा छ । अपेक्षा अनगिन्ती छन् । मागहरू छरपस्ट छन् । गर्नुपर्ने कामहरू बग्रेल्ती छन् । गुनासा चाङ लागेका छन् । कहाँबाट सुधार सुरु गर्नुपर्ने हो भन्दा पनि कहाँबाट सुधार सुरु नगर्नुपर्ने हो भनी थालनी गर्नुपर्ने छ । कतिपय अवस्थामा त ऋणात्मक अवस्थाबाट थालेर शून्यमा पुगी अनि मात्र धनात्मक अवस्थामा पुग्न सकिने विद्यमानता छ । यसका लागि एक जना दुई जनाले मात्र होइन सबैले कम्मर कस्नु आवश्यक छ । एउटा गरिरहने अरू हेरिरहने भएका कारण परिवर्तनको लहर आवश्यक भएको हो । यसमा परिवर्तन ल्याएर सबैले होस्टेमा हैँसे गर्नुपर्ने छ । रमितेको सङ्ख्यालाई स्वाट्टै घटाएर शून्यमा पुऱ्याई कर्मशील मस्तिष्क, कलात्मक सीप र ऊर्जाशील हातहरूलाई सक्रिय गराउने हो भने आजको समयमा कुनै कुरो असम्भव छैन । यो प्रमाणित भइसकेको छ । जोसँग जुन सोच, कला र सक्रियता छ तिनको पहिचान गरी उपयोगमा ल्याउन सक्ने हो भने उपलब्धिको सगरमाथा रास लाग्न बेर लाग्दैन । यसर्थ प्रतिभा पहिचान र तिनको उचित ठाउँमा समुचित उपयोग आजको प्रबल आवश्यकता बनेको कुरोमा सायदै कसैको विमति होला । विमति नै भए पनि त्यसलाई पनि पृष्ठपोषणका रूपमा सहर्ष ग्रहण गर्न सक्ने र उपयोगिता पहिचान गर्न सक्ने हो भने गन्तव्यलाई टाढाको विषय मानिरहनु पर्दैन । हाम्रो गन्तव्य पनि धेरै टाढाको अप्राप्य विषयहरूले भरिएको छ भन्ने लाग्दैन । हामी सामान्य मानिसका सामान्य लाग्ने गर्जोहरू सहज ढङ्गले टर्न सक्ने स्थिति उत्पन्न गराउन सक्ने हो भने त्यसपछिको गन्तव्य चाहिँ अवश्य पनि विश्व मानवका समकक्ष पुग्न सक्छन् । अति सामान्य लाग्ने आवश्यकताहरूमै अलअलिरहनुपर्ने अवस्थाको अन्त्य भए त्यसपछिको उकालो लाग्दो गन्तव्य भेट्न त निरन्तरको प्रयत्न आवश्यक हुन्छ । बाटो लागेपछि यो हैसियत यसै सहजै प्राप्त हुँदै जान्छ । यसका लागि अतिरिक्त ऊर्जा खर्च गरिरहन पर्दैन । यसर्थ अबका दिनमा यिनै तथ्यहरू हाम्रा लागि महत्त्वको हुने सर्वसिद्ध छ ।

यसको अर्थ हिजो केही हुँदै नभएको भन्ने होइन । भए तर जति हुनुपर्ने त्यति भएन भन्नेमा प्रायः धेरैको सहमति छ । यसैले हिजोका राम्रा कामलाई निरन्तरता दिएर नयाँ थालनी गर्नु अनिवार्य छ । यस सन्दर्भमा हिजोका पाठ सिकाइलाई अगाडि बढ्न प्राप्त शम्बलका रूपमा ग्रहण गरी बाँकी यात्रा तय गर्नुपर्ने छ । यसो भए मात्र हामीले प्राप्त गर्न खोजेका उपलब्धिहरू सबैका लागि सहज प्राप्य हुन सक्छन् । कसैलाई काखा र कसैलाई पाखा नगरी पूर्वाग्रहविहीन भई सोच्न र काम गर्न सक्ने योग्यता अपरिहार्य छ । यसले मात्र सबैलाई सँगसँगै हिँडाउन सक्छ । प्रक्रियाका नाममा समय व्यतीत गर्ने सोच र पद्धतिमा कायापलट ल्याए धेरैको निराशा आशामा परिणत हुने, असफलता सफलतामा परिवर्तन हुने र अपेक्षा यथार्थमा फलीभूत हुने अवश्यम्भावी छ । यसका लागि युवा उमेर र युवा दृष्टिकोण दुवै उतिकै आवश्यक छ ।

– प्रधान सम्पादक

कविता

# शास्त्रीय छन्दका छाँगा

(छन्द : अनुष्टुप्)



डा. बमबहादुर थापा जिताली

शास्त्रीय छन्दका छाँगा, छहरा छन् सँगै जहाँ
शब्द-झङ्कारझैँ बज्छन् भाव-कल्लोलझैँ त्यहाँ ।
शार्दूल-लयमा लम्की अनुष्टुप् भै बिहानमा
बगाई स्रग्धरा धारा, बग्छु वंशस्थ-तानमा ॥

म हुन्छु हारिणी कैल्ये, हंसी र हरिणी कतै
मालिनी, शालिनी छन्द चौपाई, स्रग्विणी कतै ।
चित्रलेखा बनी लेख्छु डोलाई पञ्चचामर
उपेन्द्र, इन्द्रवज्रामा भेट्छु सङ्गीत-सागर !!

शार्दूल-ललिता जस्तै शोभा, सम्भु समाउँछु
सुरसासरिका छन्द वैश्यदेवी रुचाउँछु ।
गजको गतिमा चल्छन् भाव-भङ्गी रथोद्धता
मत्त-मयूरझैँ नाच्छन् मन्दाक्रान्ता, विलम्बिता !!

वसन्ततिलका भाका, भकारी छन् प्रभद्रक
उपजाति दुई साथी दोधारमा छन् दोधक ।
मन्दाकिनी, विद्युन्माला, इन्द्रवंशा र इन्दिरा
छन् मञ्जुभाषिणी वाणी चन्द्रलेखा र मन्दिरा ॥

शिखरिणी-कला, छन्द भुजङ्गझैँ प्रभावती
फुल्लदाम, द्रुता देख्छु छाँगामा छन्दको गति ।
वर्णमात्रिक, मातृका, झ्याउरे लोकछन्द छन्
सवाई लयमा नाना भावना अझ खेल्दछन् ॥

लोकछन्द नसाभित्र, मुटुमा वर्णमात्रिक
छन्दका छहरा छुट्छन् सवाईसरि तोटक ।
राष्ट्रिय भावना फुर्छन् भूगोलै फुट्छ झैँ गरी
शब्दशक्ति अकासिन्छन् ज्वारभाटा उठेसरि ॥

(gangajamunapress@gmail.com)

कविता

# हामी



अनुज श्रेष्ठ 'पृथक्'
(पेप्सीकोला, काठमाडौँ)

एक प्रकृतिको छेपारो
उस्तै प्रकृतिको छेपारोको
छेपारे प्रवृत्तिप्रति नियमापत्ति जनाउँछ कि –
'छिन छिनमा रङ बदल्नु भनेको अराजनैतिक अभ्यास हो !'

विश्वासमा पारेर वा परेर
मित्रलाई
शत्रु बनाउँछ,
शत्रुलाई
मित्र जनाउँछ ।
नमिले पनि मिलेजस्तो गरी
मिलेर भोज गर्छन्,
कुरा मिलुन्जेल
मोज गर्छन् ।
जब
एकले अर्कालाई टोक्न र चिथोर्न थाल्छन्
तब
जोरी खोज्छन् ।
नमिले नमिलेजस्तो आभासमा
अरू नै काँध रोज्छन् ।

बौद्धिकजस्ता लाग्ने
केही हुस्सुहरू हौसिँदै
मात्र टर्टराउँछन्
धमिलो कुवाभित्रबाट ।

एकातिर अजङको सरीसृप त
अर्कातिर बिच्छी डङ्क मार्न तम्तयार
र, देख्छु
फिँजाउँदै गरेको
स्वार्थका टेन्टाकलहरू

दूर सुदूरका अक्टोपसहरू ।

सिमसार सुकेकोमा
रोइरहन्छन् बकुल्लाहरू ।
गल्लीका कुरूप कुकुरहरू
बित्थामा भुकेर लखेटिरहन्छन्
निहत्था भँगेरा, गौँथली र ढुकुरहरू ।
कसैको पैतालामुन्तिर निदाएजस्तो गरी
ब्वाँसाहरू क्याँक्क अँठ्याउन पुग्छन्
भर्खरै पाठशाला गइरहेका पाठापाठीहरूको घाँटी ।
कर्मठ र जिम्मेवार ठानिएका बाँदरहरू
भाँच्न थाल्छन्
सम्मानित कुर्सीहरू ।
कस्तूरी बोकेका मृगहरू
भेडाहरूमा रूपान्तरित भई टायर बाल्न थाल्छन् ।
आँखा नभएका बुलेटहरूसामु
आँखा उघार्न नपाउँदै सडकमै ढल्छन्
निरीह हरिणहरू ।
पोल्ट्रीमा पालिएर
छाडा छाडिएका अर्थहीन गिद्धहरूबाटै
सिनोझैँ लुछ्न उक्साउँछन्
निर्बलहरूका मुटु र कलेजोसरि
बचाइराखेका
जिन्दगीभरिका भर अनि अर्थहरू ।

हर मूल्य चुकाएर
अन्जान राहमा राहदानी बोकी
बिचरा बचेराहरू
दूर अकास उड्न लाचार छन्
रुँगाएर वृद्ध वृक्षका कम्पनहरू ।

धर्ती फाटोस्
धरा चोइटिओस्
साँध वा गह्वा नै मिचियोस्
या, खसोस्
घाम बोकिरहने आकाश
यावत् खराब खबरहरूप्रति बेखबर हुन्छन्

तुइनमा झुन्डिन अभिशप्त झुन्डहरू ।

अझै आइरहेछ
कसैको जिउबाट
बारुदको काँचो गन्ध ।
कसैको हातबाट आइरहेछ
रगतको आलो दुर्गन्ध ।
कोही रक्सीको अराजक डकारसँगै
अवैध देहसँग खेल्छन्
अनैतिक सज्जनहरू ।
कोही भने–
कोटको भित्री खल्तीबाट झिकेर
मिया खलिफाहरूको तस्बिर हेर्दै
एकान्तमा स्खलित भइरहेछन्
देशको गलत भविष्यवाणी गर्ने
अश्लील पण्डितहरू ।

सिंहलाई सर्कसमा हुलेर
हुल्लड मच्चाउँदै
छेपारो, स्याल र ब्वाँसाहरू
सु–समय र कु–समयबिच विषालु युद्ध लडाइरहेको
कोही किन पत्याउन चाहँदैनन् ?

के
हामी–
फगत मदारीको सङ्केतमा नाच्ने
अमान्छेभन्दा बढी
तथाकथित प्रगतिशील पशु हौँ ?
अथवा
हामी–
अग्रगामी प्रहसनका
फगत परित्यक्त पात्र हौँ ?
होइन भने–
ऊ
तिमी
र मसँगसँगै
को हौँ त हामी ?

- हामी सभ्य छौँ भन्दैमा
असभ्यहरूबाट
किन पिरोलिन्छौँ ?
- हामी सौम्य छौँ भन्दैमा
किन जथाभावी केरिन्छ
हाम्रो रैथाने परिचयहरू ?
- हामी धीर छौँ भन्दैमा
बिनाकारण
किन व्यर्थै बिथोलिन्छौँ ?
- हामी वीर हौँ भन्दैमा
गल्लावालमार्फत
किन कमसल दाममा बेचिँदै छौँ ?
- हामी कमलो छौँ भन्दैमा
किन निचहरूबाट निचोरिन्छौँ ?
- हामी निश्छल छौँ भन्दैमा
किन छलिन्छौँ
धोकेबाजहरूबाट ?
- माटोलाई रगतको तर्पण दिनेहरूलाई टेकेर
तथाकथित बुद्ध बनेकाहरूबाटै
किन बुद्धु बनाइरहन्छौँ ?

ए, मासु-भातको पल्काइमा
भावी सल्काई बाँचिरहेकाहरू हो !
के
हामी-
फगत किराफट्याङ्ग्रा हौँ ?
बिना कुनै प्रयोजन
अज्ञात स्वार्थमा
किन बाँधिराखेका छौँ
आफ्नै हातगोडाहरू ?
बिना कुनै अर्थ
किन बन्धकी राखेका हौँ
बोल्ने ओठहरू ?

अस्थिरता कोरल्नेहरूबाट
स्वच्छन्द श्वास अपहरण भइरहँदा

यता–
देश भने
अनुहारको घाम हराएर हैरान छ ।

हामी–
हामी हुनलाई
न्यानो मनले बोक्न सक्नुपर्छ
हिउँका निर्मम सिरेटाहरू ।
हामी–
हामी हुनलाई
छातीले पहाडको पहिरो रोक्न सक्नुपर्छ ।
हामी–
हामी हुनलाई
तन्मय हातहरूले
तराईको शीतलहर अँगाल्न सक्नुपर्छ ।
हामी–
हामी हुनलाई
दौडाउन सक्नुपर्छ
रगतका थोपा थोपामा
जाँगरका तमोरहरू ।
हामी–
हामी हुनलाई
दुई–चार क्षितिजपारि देख्न सक्नुपर्छ ।
हामी–
हामी हुनलाई
पुर्न सक्नुपर्छ कचिङ्गलका सारा कसिङ्गरहरू ।
हामी–
हामी हुनलाई
भूलहरूलाई नभुलिकन भुल्न सक्नुपर्छ ।
हामी–
हामी हुनलाई
कोमल स्पर्शहरूले सुमसुम्याउन सक्नुपर्छ
दुखेका हरेक घाउहरू ।
हामी–
हामी हुनलाई
मास्न सक्नुपर्छ
हामीले नै हुर्काएका हिरण्यकशिपुहरू ।

अब त
भन्न पनि ढिला होला भन्ने डर लाग्छ –
कालले अकालमै
असामयिक मृत्युको दस्तखत पर्नुअगावै
आफ्नै मुठीमा
कस्नू
नटुक्रिएको समय,
बेढङ्गी हुनुअघि
खन्नू
आफू हिँड्ने गोरेटो,
बेरङ्गी हुनुअघि
पोत्नू
जूनको शीतल रङ
जिन्दगीका इन्द्रेनीहरूमा ।
र, घोल्नू
जाँगरभरि
कहिल्यै नअस्ताउने घाम ।

हामी–
हामी हुनलाई
पहिले
आफैलाई भेट्दै गर्दा
आफूभित्रको अँध्यारोलाई हराउनुपर्छ
र, हटाउन सक्नुपर्छ
अँध्यारोको निरङ्कुशतामा नाचिरहेको
अघोर अन्धकार ।

(shresthanuj286@gmail.com)

**सर्जकमा विशेष अनुरोध**

कृपया अन्य पत्रपत्रिका, फेसबुक, अनलाइन पत्रिका आदिमा अप्रकाशित र प्रकाशनका लागि अन्यत्र नदिइएका प्रकाशनयोग्य रचना मात्र सम्पादनको अधिकारसहित शब्दाङ्कुरमा प्रकाशनार्थ पठाउनुहुन र यस मासिकमा प्रकाशनार्थ पठाइएका रचना अन्यत्र छपाउनुपर्ने भएमा सूचना दिएर मात्र छपाउनुहुन हार्दिक अनुरोध गर्छौं ।

**शब्दाङ्कुर परिवार**

कविता

# के के



श्रीश पौडेल

मर्त्यसागरमा हाम फालेछु
म त डुब्नुको सट्टा तैरिएछु ।

अलि अलि बालुवा मुखभित्र पसिसकेपछि
थाहा भयो – म त टन्न अगाएकै रहेछु ।

अगाएछु इच्छाबोध, कामनाबोधदेखि
हाँसो, खुसी, मज्जा अनि मुस्कानदेखि ।

हे ईश्वर, यो सागरलाई जस्तै
मलाई मेरो कर्म के हो बोध गराऊ –
प्रेममा डुब्ने कि
लोकार्पणमा हराउने ?
विज्ञानमा समर्पित हुने कि
व्यापारमा अपारम्पर हुँदै जाने?

मलाई बोध गराऊ –
अब मर्त्यसागरमा तैरिएर के गर्ने ?
मलाई बोध गराऊ ।

मेरो महाभारत के हो ?
मेरो रामायण के हो ?
मेरो युद्ध के हो ?
मेरो बुद्ध के हो ?

बोध गराऊ ।
नत्र फेरि अर्को सागर खोज्ने छु,
हाम्फालेर तैरिन –
फोक्सोमा भरिएको साहसले
श्वासको परवाह गर्दैन ।

बहुको बलले
बाजुको आकार देख्दैन ।

भन, म कता जाऊँ ?
सबै निरर्थक लाग्छ –
संसारका
सबै बन्धनहरू फिक्का लाग्छन् ।
यहीँ रुमल्लिने हो कि
यही कर्म हो कि –
निरर्थकतामा अर्थबोध गर्ने ?

गाण्डीव भिरिरहने,
ढाड कनाउने,
एक छिन आनन्द बोध गर्ने –
अब मर्त्यसागरमा तैरीएर के गर्ने ?

यसलाई पुनः जिवन मानेर
नरसंहार गर्ने कि
सिकार गर्ने सारा नरको ?
या प्रेममा डुबाउन खोज्ने अनि तैराउने –
मर्त्यसागरमा यो शरीर तैरिए झैँ ?
मर्त्यसागरमा लास तैरिएर के गर्ने

वियोग छैन,
भय छैन कतै –
विभोर भइसकेको छु ।
म डुबेको छैन –
मर्त्यसागरमा तैरिएको छु ।

अब एउटा साथी पठाऊ प्रभु –
उसले जे भन्छ, त्यही गर्ने ।
यहाँ तैरिएर मात्रै के गर्ने ?

नभन्दै सबिनजी आए –
अब अर्को ठाउँमा जान लुगा लगाउने रे ।

(cashreesh2018@gmail.com)

कविता

# (अ)सुरक्षा



विपेन आदिमा
(सिन्धुपाल्चोक)

फूलहरू सुरक्षित छैनन् यहाँ, न सुवास सुरक्षित छ
जूनहरू सुरक्षित छैनन् यहाँ, न आकाश सुरक्षित छ
पेटभित्रै मारिन्छन् शिशु, न आमाको काख सुरक्षित छ

यहाँ मौमिताहरू सुरक्षित छैनन्, छैनन् सुरक्षित् ममताहरू
बिरामीहरू सुरक्षित छैनन् यहाँ, छैनन् सुरक्षित डाक्टरहरू
विद्यार्थीहरू सुरक्षित छैनन् यहाँ, छैनन् सुरक्षित मास्टरहरू

मुटुहरू सुरक्षित छैनन् यहाँ, न माटो सुरक्षित छ
गन्तव्य सुरक्षित छैन यहाँ, न बाटो सुरक्षित छ
हिउँहरू सुरक्षित छैनन् यहाँ, न हिमाल सुरक्षित छ
पानीहरू सुरक्षित छैनन् यहाँ, न कुनै ताल सुरक्षित छ

म आफ्नै छायादेखि डराउन थालेको छु
म आफ्नै मायादेखि डराउन थालेको छु
चाहिँदैन यो डरैडरको जिन्दगी
म आफ्नो प्राण आहुती दिन तयार छु

तर बदलामा,
सारा उत्पीडनबाट उन्मुक्त समाज चाहिन्छ
सारा बन्धनहरूबाट स्वतन्त्र समाज चाहिन्छ
सुरक्षा र सहभावको सम्बन्ध चाहिन्छ
मेरो अस्तित्वको मूल्य जीवन्त चाहिन्छ ।

(aadimabpn@gmail.com)

**अस्ट्रेलियामा शब्दाङ्कुर पाइने ठाउँ**

**शब्दाङ्कुर बुक्स एन्ड पब्लिकेसन, अस्ट्रेलिया**
sabdankuraustralia@gmail . com | Phone: 061 -0403721631 (Whats App and Viber)

**सिडनी, अस्ट्रेलिया**

कविता

# बाटो मेरो र उसको



देवराज सिम्खडा

हिजो,
ऊ र म हिँड्ने बाटो
थियो उस्तै र एउटै
उस्तै थियौँ ऊ र म
ऊ पनि मजस्तै
ऊ र म उत्रै थियौँ ।
सँगै हिँड्थ्यौँ लामो बाटो
गन्तव्य र लक्ष्य पनि उस्तै
तन बेग्लै तर मन एउटै
सूर्य र प्रकाशस्तै थियौँ हामी
ऊ घाइते हुँदा
चोट लाग्थ्यो मलाई ।

आज
फेरिएको छ ऊ
बदलिएको छ मन
टेढिएको छ तन
बाङ्गिएको छ लक्ष्य
मोडिएको छ गन्तव्य
उसको र मेरो बिच
भत्किएको छ करार
उभिएको छ दरार
अतः छुट्टिएको छ बाटो
टुटेको छ सहगमन ।

लाग्छ हिजैजस्तो
झन्डा बोक्न थालेको
चढ्यो सत्ताको लिस्नो
चढ्यो अरू के के के के
चढ्यो कहिले पानीजहाज
चढ्यो कहिले हवाईजहाज

चढ्यो पद र पैसाको शिखर
चढ्यो मोजमस्तीको यान
अनि, भुल्यो उद्गमस्थल
पनि बिर्स्यो प्रस्थानविन्दु ।
बिर्स्यो लिस्नो र काँध ।

घुनेलो मकैको खोले
दुई खोरो बुत्याउँथ्यो पहिले
हिले दाने कटालोले
मान जोगाउने गर्थ्यो,
तर, अहिले उसको दैनिकी
अर्कै भएको छ
बलेसीबाट उठेर
पुगेको छ मचानमा ।
उही हो चमत्कारी
छोडेन आफ्नै बन्धुहरूलाई
भुटानी र तिब्बती बनायो
धनसँग मनको विनिमय गऱ्यो
भाउ मिलायो बेचिनेसँग
क्षणभरमा नै गौरवशाली नेपाली
बने चिलिङ्दोर्जे र वाङ्चुकहरू ।
थियो मेरो बाटो सिधा
टाढा थियो मेरो गन्तव्य
सत्यम शिवम् सुन्दरम् मन्त्र
अडिग एउटै लक्ष्यमा
डुल्न खोज्दै छु
धेरै मनहरूसित
ऊ भने भिडहरूमा
खोज्दै छ लुक्न
बज्ने दाम्लो छ, नाडीहरूमा
फलेको मोजमस्तीको बोटमा
तितो फलको स्वाद चाख्दै
दिन गन्दै आँसु पिइरहेछ
चौघेरोभित्र
जीवन खोजिरहेछ ।

(devraj.simkhada2@gmail.com)

कविता

# जुम्लाको जाडोमा



नारदप्रसाद थपलिया
(भरतपुर, हाल : जुम्ला)

(१) जुम्लाको जाडोमा
कहिलेकाहीँ आकाशले धर्तीसँग पिरती लाउँदै
चाँदीका फूलहरू बर्साउने गर्छ
र त्यही प्रेम मिलनको वर्षासँगै
पूरा जुम्ला उत्सवमय बन्छ
अनि एक छिन भने पनि बिर्सन्छ, यहाँका गरिबी र भोकमर
साथै बिर्सन्छ दुर्गमको परिभाषा पनि
(२) जुम्लाको जाडोमा
चाँदीका फूलहरू चारैतिर देखेर
मान्छेहरू ठान्छन्- जुम्लामा चाँदीको भण्डार छ (छ पनि, प्रयोग गर्न सके !)
तर सर्वसाधारण भने खोजीमा छन् - गाँस, बास र कपासको !
कोही चाहिँ चुस्की लिँदै मस्त छन् - टिकटक र फेसबुकमा !
साथै त्यही चाँदीका फूलसँगै बौरने गर्छन्
स्याउ, ओखर आदिका पतझड वृक्षहरू !
(३) जुम्लाको जाडोमा
दिउँसो एकदम अपत्यारिलो घमाइलो हुने गर्छ
मान्छेहरू रमाउँदै घाम ताप्दै गफमा मग्न हुने गर्छन्
अनि बिर्सने गर्छन् जुम्लाको जाडोलाई !
साथै तराईको हुस्सु र कुहिरोलाई गिज्याएर
हरेक अपराह्न चिसो हावाले मन प्रफुल्लित पार्ने गर्छ
र सम्झाइदिन्छ एक छिन भने 'नि प्रियसीको न्यानो अँगाला
(४) जुम्लाको जाडोमा - तपाईंलाई स्वागत छ महोदय !
चन्दननाथका घन्टीहरू यहाँको स्वागतमा बजिरहेछन्
जुम्लाको सिँजा, जो हाम्रो खस भाषाको जननी हो
त्यो पनि तपाईंको स्वागतमा हात जोडिरहेछ
त्यतिले पनि भएन भने महोदय !
जुम्लाभन्दा थोरै परकी स्वर्गकी अप्सरारूपी रारा
तपाईंलाई आँखा झिम्काउँदै स्वागत गर्न तत्पर छ
जुम्लाको जाडोमा !

(naradthapaliya78@gmail.com)

कविता

# मलाई तिमीसँग साहित्य पढ्न मन छ



सुशान्त थापा
(विराटनगर १३)

मलाई तिमीसँग
साहित्य पढ्न मन छ
जसले उमेरको मात होइन
जीवनभरको साथ बुझ्न सिकाओस्

मैले प्रेमको परिभाषालाई
प्रेम गरेको छु
तिमी कुन स्वरूप भएर आउने छौ
मलाई थाहा छैन ।
मेरो कल्पनाको नगरमा
तिम्रो विपनाको सहर
रहरहरूको रङ हो ।

मैले आफ्ना लागि प्रेमिका रोजिनँ
तर प्रेमको चोखो परिभाषासँग
प्रेम गर्ने भएको हुँदा
आफूलाई प्रेमको काव्यको
एउटा प्रेमिल गुलाफ
हुनबाट रोक्न सकिनँ ।

म बगैँचामा छु
प्रेमको साहित्य उदास छैन
जीवनमा कसैले मेरो कवितामा
मुस्कुराएको र सुस्तरी मन साटेको
हेर्न मन छ,
मलाई तिमीसँग
साहित्य पढ्न मन छ ।

कविता

# ढाकिएको नाक

**सीतादेवी छेत्री**
**(काङ्ग्लातोङ्बी, मणिपुर, भारत)**

प्रभुको कल्पनाले रचेको
एउटै खोला, दुई धारा
ढाकिएका माथि एउटै छाताले
धारा दुइटै भए पनि
नामकरण एउटै भएको
भित्ताले छुटाए सिमाना
वारि र पारिको ।
वारिलाई चोट लागे
पारीलाई विचलित पार्ने
मुटुमा आघात चोट पुऱ्याउने
पारि बाड आए
दुइटैको हृदय पिरोल्ने
उत्तर र दक्षिण रहे पनि
हृदय एउटै धड्किने
प्राणीलाई प्राण बक्सिने
दुई धारा बगी ।
जीवनदान गराउने
उत्तरदक्षिणको प्यारो नाक
बिबलाटो परेको
तिरस्कार र तुच्छ
बोलीले नाकै झर्ने
गल्ती गरे नाकै काटिने
यस्तो कति राख्नुपर्ने सम्मान
जोहो गर्नै पर्ने नाकको सबैलाई ।

(suraj.chapagain17@gmail.com)

शब्दाङ्कुरका वितरक
साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स
चावहिल, काठमाडौँ,
फोन : ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

कविता

# नैतिक शिक्षा

अरूणकुमार भुजेल
(गोरूबथान, कालेबुङ)

रूखो वचन र व्यवहारले
कहिल्यै कसैको मन छुन्न
नरम स्वभाव र धैर्यभन्दा
परोपकारी कुरा अरू केही हुन्न ।

कडा फलाम जब नरम हुन्छ
तब नै विभिन्न हतियार बन्छ
जब जलेर सुन नरम हुन्छ
अनि सुन्दर सुन्दर गहना बन्छ ।

हजारौँ चोट सहेपछि ढुङ्गा
मूर्ति बनेर मन्दिरभित्र पुग्छ
बाटोमा हुँदा कुल्चँदै हिँड्ने
शिर झुकाएर ढोग्न पुग्छ ।

जन्मसँगै आएको जिब्रो हेर
नरम भएरै मृत्युसम्म रहन्छ
उता कठोर दाँतहरू भने
उमेर छँदै नै झरेर जान्छ ।

पिर त कसलाई पो पर्दैन र
श्रीकृष्णको जीवनी पढे हुन्छ
रामचन्द्रको वनवासको कथाले
हामी सबैको मन मुटु छुन्छ ।

दम्भी, अन्यायी र दुराचारीहरू
कुना पसेर मुख छोपी रून्छ
रावणजस्तो अहङ्कारी भए
राज्यसँगै कुलको नास हुन्छ ।

पुर्खाको अर्ति र उपदेश सुन्नु
नैतिक शिक्षा सधैँ मनमा गुन्नु
प्रयोगमा नआउने चुन्दै नचुन्नु
आवश्यक कुरा जतनले तुन्नु ।

कुरा बुझेमा आफैलाई राम्रो

नहुनु कसैले दाँतजस्तै चाम्रो
सधैँ नम्र र सहनशील भएमा
जिन्दगानी सुन्दर बन्दछ हाम्रो ।

(bhujelarunshanti@gmail.com)

लघुकथा

# छलकपट



**घनबहादुर थापा**

नेपाली सिने जगत्मा नाम चलेकी अभिनेत्री हुन् रूपमती । चलचित्रका दर्शक भन्थे, 'आहा ! हिरोनी हुन् त रूपमतीजस्ती ! नाम चल्ने कलाकार हुनलाई साडीचोलीमै पनि सकिन्छ भन्ने पुष्टि रूपमतीले गरेकी छन् ।'

उनको शरीर र सौन्दर्यभन्दा बढी चर्चा उनको कलाको हुने गर्थ्यो । तर एक बिहान, सहरले उनलाई अर्कै आँखाले हेर्न थाल्यो ।

घरको छतमा शनिबारको घाम फैलिएको थियो । रूपमती हतारमा थिइन्– काम, मिटिङ, स्क्रिप्ट सबै दिमागमा दौडिरहेका थिए । 'आफ्नै छत त हो' भनेर सोच्दै धोएका लुगा सुकाउन छोटो कट्टु लगाएर उनी छतमा गइन् । धोएका कपडाबाट पानी चुहिरहेको थियो । उनले साडीलाई फिँजाएर डोरीमा सुकाइन् ।

त्यो क्षण सामान्य थियो, निर्दोष थियो तर तल कतै, कसैको क्यामेरा सक्रिय थियो ।

साँझ पर्दासम्म उनी खलपात्र बनिसकेकी थिइन् । सामाजिक सञ्जालमा फोटो छ्यापछ्याप्ती थियो– शीर्षक थियो, 'अभिनेत्रीको कामुक पोज ।' छिमेकीको फुसफुसाहट, अपरिचितको कानेखुसी, सबैले उनलाई घोचिरहेका थिए । कसैले छत देखेन, कसैले हतार देखेन, कसैले परिस्थिति बुझेन । मानौँ उनी छतमा होइन, बजारमा उभ्याइएकी थिइन् ।

रूपमतीले एक छिन आफैसँग सोधिन्, 'के म गलत थिएँ ?' प्रश्न अनुत्तरित रह्यो ।

अन्ततः उनले बुझिन्– गल्ती उनका कपडामा थिएन । दोष उनको शरीरमा थिएन । दोष त त्यो आँखामा थियो, जसले निजी क्षणलाई तमासा बनायो ।

त्यस दिनदेखि रूपमतीको मनमा एउटा निष्कर्ष जमेर बसेको छ, 'महिलालाई नङ्ग्याउने कपडा होइन, दृष्टि हो । छलकपट शरीरले होइन, आँखाले गर्छ ।'

लघुकथा

# फैसला ?



**सुनिलकुमार श्रेष्ठ**

२०७२ सालको भूकम्पले एकल महिला राममायाको ओत र सहारा खोस्यो । जीवनको अन्तिम घडीका लागि उनले तीन लाख रुपियाँ बचाइराखेकी थिइन् । भूकम्पमा घाइते श्रीमतीको उपचारको बहाना बनाउँदै भतिजो गोपालले खुट्टा ढोग्दै भन्यो, 'काकीआमा छ महिनाभित्र ब्याजसहित फिर्ता गर्छु । बुहारीको उपचारका लागि सापट दिन पर्‍यो ।' उसले कागज गरी सापटी लियो । धेरै

समयसम्म नदिएकोले रकम फिर्ता माग्दा 'जे सक्छौ गर, दिन्नँ' भन्दै थर्काएपछि अन्ततः न्याय खोज्दै अदालत पुगिन् ।
बर्सौंपछि मुद्दा फैसला हुँदा आफ्नो पक्षमा त भयो तर त्यो केवल कागजको खोस्टो मात्र बन्यो । फैसला कार्यान्वयनको अर्को महाभारत सुरु हुँदा वकिल र वारेस शुल्क अनि अदालतमा भएको अनुचित खर्चले उनको कानको बाली, ढुङ्ग्री, सिक्री, मङ्गलसूत्र सबै बेचिसकेकी थिइन् । आर्थिक अभावले वारेस राख्न नसकेर लौरो टेक्दै राममाया आफै तारिख धाउन थालेकी थिइन् । तैपनि अदालतबाट समयमै म्याद तामेल नभई वतन खुलाउने र तारेख मात्र दोहोरिरहँदा न्यायाधीशले पत्रिकामा म्याद सूचना निकाल्ने आदेश भयो । पत्रिकामा म्याद सूचना प्रकाशनका लागि राममायासँग सुको पैसा बाँकी थिएन । उनी बुढ्यौली, थकान र हैरानीले गलिसकेकी थिइन् । अन्ततः दुईपटकसम्म तारिख गुज्रिएपछि अदालतले उनको मुद्दा 'डिसमिस' गरिदियो । **'अदालतले फैसला दिँदो रहेछ न्याय होइन**' भन्दै बेसुरले बर्बराउदै राममाया घरतिर लागिन् ।

(rameshwarjalanshrestha@gmail.com)

लघुकथा

# खै खै ! एक डोज

**हरि कट्टेल**

शर्मा सर, प्रेम सर, देवान सर र म एउटै कार्यालयमा काम गर्थ्यौं । शर्मा सर पण्डित्याईँ पनि गर्नुहुन्थ्यो । त्यसैले उहाँलाई हामी गुरु भन्थ्यौँ । उहाँ खैनी खुब खानुहुन्थ्यो । खैनी भनेपछि हुरुक्क हुने उहाँ खैनी किन्न दाम चाहिँ खर्च गर्नु हुन्नथ्यो । एक दिन कार्यालय सकिनेबितिक्कै प्रेम, देवान र म कार्यालयछेउको होटलमा पस्यौँ । त्यहाँ चिया चाउचाउदेखि झोलमोलसम्म सबै पाइन्थ्यो । कार्यालयछेउको चिनजानको होटल हुनाले हामी थकान र भोकतिर्खा मेट्न दिनको एक दुईपटक त्यहाँ जान्थ्यौँ । होटलमा पस्नेबित्तिकै प्रेम सरले बट्टाको बङ्गाली खैनी निकाले । मैले पनि हात थापेँ । खैनी अलि सुक्खा रहेछ । देवान सरलाई सुक्खापन हटाउने तरिका थाहा रहेछ । उनले पसल्नी बैनीसँग अलिकति लोकल मागेर केही थोपा खैनीको बट्टामा मिसाए । खैनी रसिलो भयो । उत्तिखेरै शर्मा सर पनि आउनुभयो । मैले हतारिएर भनेँ, 'बट्टा छिटो राख यार । अब बर्बाद भयो, शर्मा गुरूले खैनी माग्छन् हामीले यो मिसायौँ ।' शर्मा गुरु 'साथीहरू त अघि नै पो' भन्दै भित्र पसेर सम्मुख हुने गरी बस्नुभयो । खैनीको बट्टा प्रेम सरको हातमै थियो । गुरूले भन्नुभयो, 'खैनी छ ? मलाई पनि एक डोज देऊ देऊ '! गुरूले यति भन्नेबित्तिकै प्रेमले भने, 'गुरु ! खैनी त छ तर गुरूले खान मिल्ने खालको छैन । गुरु चोखो बाहुन । अलि सुक्खा भएछ अनि रक्सी मिसाएको पो छ ।'
शर्मा गुरूले खिस्स हाँस्दै भन्नुभयो, 'आ आखिर दुवै गन्हाउने नै त हुन् नि ! त्यही पनि लेऊ न है खाऊँ ।'

(harikattel11@gmail.com)

कथा

# प्रकाशपथ



अमरेशसिंह भदौरिया

गाउँका पुराना घरमध्ये एक, जहाँ आँगनमा आँप र निमका रूखले शीतल छायाँ दिइरहेका थिए त्यहीँ एउटा खाटमा बसेका थिए पण्डित शिवनारायण ८० वर्षीय होमियोप्याथिक चिकित्सक, गजलकार, साहित्यप्रेमी र युवाहरूका प्रेरणास्रोत । उमेरले शरीरमा प्रभाव पारेको थियो तर उनको मन अझै पनि ऊर्जावान् थियो । उनीजस्तै जीवनभर समर्पित रहनुभएकी सरलादेवी (७८ वर्ष) गृहस्थीको केन्द्र थिइन् तर अहिले स्वास्थ्यले साथ दिइरहेको थिएन ।

परिवार ठुलो थियो तर साथ दिने कोही थिएन । एक्ली छोरी प्रेरणा (५२ वर्ष), अङ्ग्रेजी प्राध्यापक, बाबुआमाप्रति समर्पित तर जागिर र परिवारको जिम्मेवारीमा व्यस्त ।

शिवनारायणजीका लागि सबैभन्दा ठुलो चुनौती थियो, स्वाभिमान र असमर्थताका बिच सन्तुलन कायम राख्नु । अहिले औँलाहरू पहिलेजस्तै सुललित थिएनन्, गजल लेख्दा अक्षरहरू बिखरिन्थे । बिरामीहरूको नाडी जाँच्दा हात काम्थ्यो ।

एउटा दिन प्रेरणाले भनिन्, 'बाबा, अब आराम गर्नुस् ।'

शिवनारायणजी हाँसे, 'आराम ? मानिसले केही गरिरहेसम्म मात्र ऊ जीवित हुन्छ । होइन भने, जीवन आफै एउटा भारी बन्छ ।'

त्यही समयमा सत्यवीर आए । ८५ वर्षीय अनुभवी किसान, जीवनका सत्यहरू सिधा र स्पष्ट रूपमा भन्ने बानी । उनी शिवनारायणजीका बाल्यकालका मित्र मात्र नभई जीवन सङ्घर्षका साक्षी पनि थिए । खाटमा बस्दै उनले भने, 'शिवा, अब त तेरो चस्मा मोटा भइसक्यो, हात काम्न थालेको छ, अब त स्वीकार गर कि शरीर तँलाई आराम गर्न भन्छ ।'

शिवनारायणजीले चियाको चुस्की लिँदै भने, 'शरीर थाक्न सक्छ तर मनलाई थाक्न दिन्नँ । अनुभव पनि औषधि हो र त्यसलाई अरूसम्म पुऱ्याउनु मेरो कर्तव्य हो ।'

सत्यवीर हाँसे, 'त्यसो भए किन तेरो ज्ञान युवाहरूलाई बाँड्दैनस ? तँ सधैँ भन्थिस्, गाउँमा साहित्यिक वातावरण छैन । अब त तँसँग समय पनि छ, अनुभव पनि ।'

शिवनारायणजीको मनमा यो कुरा बस्यो । उनीहरूले आफ्नो ढोका युवाका लागि खोलिदिए । गाउँका युवा लेखन र साहित्यप्रति आकर्षित भए । उनीहरू गजल एवम् साहित्यिक लेखन र चिकित्सा ज्ञान सिक्न आउन थाले । बिस्तारै उनको चौतारी युवाहरूको सृजनात्मक केन्द्र बन्यो । यति हुँदा पनि सत्यवीरलाई अझै केही अधुरो लाग्यो । उनले भने, 'शिवा, तैँले जीवनभर लेखिस्, गजल, कथा... तर तेरो लेखन गाउँबाहिर को लान्छ ?'

शिवनारायणजी रोकिए । साँच्चै, उनले धेरै पाण्डुलिपि तयार गरेका थिए तर कहिल्यै प्रकाशित गर्ने सोच बनाएनन् । यो सुनेर प्रेरणाले भनिन्, 'बाबा, तपाईंका पुस्तकहरू प्रकाशित हुनुपर्छ । यो तपाईंको मात्र होइन, हाम्रो गाउँको पनि सम्मान हो ।'

शिवनारायणजीले सङ्कोच मान्दै भने, 'अब यो उमेरमा को प्रकाशन गर्छ मेरो किताब ?'
प्रेरणाले प्रयास गरिन् । उनले आफ्ना साहित्यिक सम्पर्कहरू प्रयोग गरेर प्रकाशकसँग कुरा गरिन् । केही महिनापछि शिवनारायणजीको पहिलो किताब प्रकाशित भयो । गाउँको पञ्चायत भवनमा विमोचन कार्यक्रम भयो । गाउँका मानिस, युवा लेखक र केही साहित्यकार उपस्थित थिए ।

जब शिवनारायणजीले आफ्नो पहिलो पुस्तक हातमा लिए, उनका आँखा रसाए । सत्यवीरले उनको पिठ्युँ थथ्थपाउँदै भने, 'अब तेरो नाम गाउँमै मात्र सीमित छैन, तेरा शब्दहरू धेरै टाढा जाने छन् ।'

त्यही दिन एक युवा लेखकले भने, 'गुरूजी, तपाईंले हामीलाई सिकाउनुभयो, उमेर मात्र एउटा सङ्ख्या हो, असली प्रेरणा कर्ममा हुन्छ ।'

शिवनारायणजी मुस्कुराए, 'जुन दियो बल्छ, त्यो निभ्नुअघि झन् धेरै उज्यालो गर्छ ।'

केही दिनपछि प्रेरणाले पुरानो सन्दुकमा शिवनारायणजीको एउटा हराएको पाण्डुलिपि भेट्टाइन् । त्यो ३०-४० वर्ष पुरानो गजल र कथाहरूको सङ्ग्रह थियो । उनले पढिन् अनि छक्क परिन् । यो लेखन आज पनि उत्तिकै सशक्त र प्रासङ्गिक थियो । उनले तत्कालै प्रकाशकलाई पठाइन् । पुस्तक प्रकाशित भयो र बेस्टसेलर बन्यो । साहित्यिक दुनियाँमा हलचल मच्चियो । गाउँको साहित्यलाई अमूल्य निधिका रूपमा हेरियो ।

शिवनारायणजीले आफ्नो अन्तिम गजल लेखे—

'बाटोमा छुटे जुन पाइला कहिल्यै मेटिँदैन,
त्यसै पाइलामा हिँड्न अर्को कोही आउँछ ।'

केही महिनापछि, शिवनारायणजीलाई राष्ट्रिय सम्मान प्रदान गरियो । सम्मान समारोहमा प्रसिद्ध साहित्यकारले भने, 'पण्डित शिवनारायण केवल लेखक होइनन्, उनी प्रेरणा हुन् । उनको लेखनी र जीवनले देखाउँछ कि उमेर कहिल्यै सपना पूरा गर्न बाधक बन्दैन ।'

त्यसै कार्यक्रममा एक जना युवा पत्रकार स्टेजमा गएर भने, 'गुरूजी, म त्यही विद्यार्थी हुँ जसलाई कोही पढ्न लायक ठान्दैनथे तर तपाईंको प्रेरणाले मलाई आज पत्रकार बनाइदियो ।'

शिवनारायणजीका आँखामा गर्वका आँसु आए । सत्यवीरले मुस्कुराउँदै भने, 'शिवा, तेरो दियो निभ्न लागेको थियो होला तर यसको उज्यालो हजारौँ बाटामा फैलिसकेको छ ।'

शिवनारायणजीले धिमा स्वरमा भने, 'हो मित्र, अब शान्त छु । यो प्रकाशपथ कहिल्यै अन्धकारमा हराउने छैन ।'

'ज्ञान र साहित्य कहिल्यै बुढो हुँदैन । यो पुस्ता दर पुस्ता बगिरहन्छ, जसरी एउटा नदी आफ्नो बाटो आफै बनाउँछ ।'

शिवनारायणजीले प्रमाणित गरिदिए, 'यदि कसैले आफूलाई अमर बनाउनु छ भने आफ्नो ज्ञान र अनुभव नयाँ पुस्तासम्म पुऱ्याउनुपर्छ । त्यही साँचो सम्पत्ति हो ।'

(amreshsinghhh@gmail.com)

निबन्ध

# मनभित्रको युद्ध



**चिरञ्जीवी दाहाल**
**(कालिका, चितवन)**

मनभित्रको युद्धका लागि आन्तरिक द्वन्द्व निकै खतरनाक र शक्तिशाली बन्न सक्छ । वास्तवमा मनको युद्ध भनेको मनभित्रका तनाव, डर, शङ्का, वा द्वन्द्वात्मक इच्छाहरू विरूद्धको तीव्र मनोवैज्ञानिक सङ्घर्ष रहेछ । कर्तव्य, इच्छा, नैतिकता र प्रलोभनबिचको सङ्घर्ष नै मनभित्रको वास्तविक युद्ध हुन् । जब म यिनै विषयहरूमा केही चिन्तन र मनन गर्छु मेरो मनभित्र एक्कासि युद्धको बादल मडारिन थाल्छ ।

मडारिए मात्र त ठिकै थियो, त्यसपछि मेरा मनका भावनाहरू गोलीले ढलेको अर्ध बेहोस सिपाहीको अवस्थामा पुग्छ । त्यस बेला म मनभित्र गोली चलिरहेको, घाइते अवस्थामा भुइँमा ढलिरहेको र रगतले लथपथ भएको शरीर र यस्तै डरलाग्दा दृश्यहरूको कल्पना गर्छु । म जुरूक्क उठेर दुस्मनका विरूद्धमा हतियार चलाउने कोसिस गर्छु । मेरो हात मात्र होइन, सारा शरीर नै शिथिल हुन्छ र म युद्धका लागि असमर्थ साबित हुन्छु । किनकि म मानसिक रूपमा युद्धमा पराजित बनिदिन्छु । जब केही समयपछि म पूर्ण रूपमा होसमा आउँछु, समय घर्किसकेको हुन्छ । दुस्मनहरू मलाई पराजित गरेर कतै लुकिसकेका हुन्छन् । मेरा तमाम योजना र सपनाहरू तितरबितर भइसकेका हुन्छन् । यसरी म जीवनका महत्त्वपूर्ण युद्धमा पराजित भइरहने भएकोले हरेक कार्यमा असफल हुँदै छु । जब म असफल हुन्छु मेरो जीवन थप लथालिङ्ग हुन्छ । जीवनकालमा मैले आफ्नै मनभित्रका यस्ता प्रशस्त युद्धसँग साक्षात्कार गरिसकेको छु र युद्धमा भाग लिइसकेको छु । एउटा हातको औँलामा गणना गर्न सक्नेबाहेक, जीवनका कुनै पनि युद्धमा मैले विजय प्राप्त गर्न सकेको छैनँ । सायद जीवनका सबै युद्धमा पराजित हुनुपरेको भए म निर्वस्त्र बनेर सडकका पेटीहरूमा भौँतारिरहेको अवस्थामा भेटिन सक्थेँ । भाग्यले दुईचारओटा युद्धमा के विजयी बनेको थिएँ, आज म त्यस्तो अवस्थामा पुग्नुपरेको छैन । हालसम्म मैले आफ्नै घरपरिवारको साथमा बस्ने सौभाग्य प्राप्त गरेको छु । मलाई राम्रोसँग थाहा छ, विजय प्राप्त गरेका तिनै सीमित युद्ध नतिजाका कारण मभित्र केही अभिमान चढेको छ । म केही एकसुरे र घमन्डी बनेको छु ।

त्यसैले लाग्छ, मनभित्रका अधिकांश युद्धमा विजयी बन्न सकेको भए मेरो जीवनको स्वरूप कस्तो हुन्थ्यो होला ! सायद म छोइ नसक्नुको हुने थिएँ । मान्छेले मेरो बदख्वाइँ गरिरहेका हुने थिए । मलाई जस्तै प्रायः सबै मान्छेलाई मनभित्रको युद्धमा पराजित गरिदिएर सृष्टिकर्ताले मान्छेको अहङ्कार नियन्त्रण गरिदिएको त होइन ? मेरो मनमा अचेल यस्तै प्रश्नहरू उब्जिन थालेका छन् ।

मलाई थाहा छ, मेरो मनभित्र धेरै प्रकारका दुस्मनहरू छन् । तिनीहरूलाई म राम्रोसँग चिन्दछु । जसले मलाई समय समयमा कुरुक्षेत्रमा ओर्लिएर आफूसँग भिड्ने चुनौती दिइरहेका हुन्छन् । म द्विविधामा पर्छु, युद्धमा भाग लिऔँ, कुनै पनि तयारी गरेको छैन, होइन युद्धबाट भागौँ भने

समाजले मलाई नालायक र काँतरको संज्ञा दिन्छ । समाजले उठाउने औँलासँग मलाई डर लाग्छ । सायद म मात्र होइन, अधिकांश मान्छे समाजसँग त्रसित छन् तर किन डराइरहेका हुन्छन् त्यसको उत्तर भने मसँग छैन । यसैले विनातयारी म बाध्य भएर युद्धमा भाग लिन्छु र पटक पटक पराजित हुन्छु । मनभित्रको युद्धमा पराजित हुने कारण बुझेर पनि न तयारी गर्न सक्छु न आफ्नो युद्ध रणनीति परिमार्जन गर्न सक्छु !

मभित्र आलस्य, शङ्का, चिन्ता, असफलताको डर, आत्मविश्वासको कमी जस्ता केही गम्भीर प्रकृतिका दुर्गुणहरू छन् । यसबाहेक लत, क्रोध, ईर्ष्या, अभिमान, आघात र धोकाहरू पनि मेरा प्रमुख शत्रुहरू हुन् । यिनीहरूले मलाई बारम्बार धावा बोलिरहेका हुन्छन् र ममाथि हावी भइरहेका हुन्छन् । यसबाहेक मेरो कमलो मन मेरो सबैभन्दा खतरनाक दुस्मन बनेर प्रकट हुन गरेको छ । यही कमलो मनका कारण मैले आन्तरिक र बाह्य दुस्मनलाई पटक पटक क्षमा दिएको छु र नमिठो पराजय बेहोरेको छु । लाग्छ, मलाई बाह्य चुनौतीहरूले पराजित गर्न सक्दैनन् तर मनभित्रका चुनौतीहरूले भने पटक पटक पराजित गरिसकेका छन् र गरिरहने छन् । किनकि मेरा कमजोरीबारे मेरा दुस्मनहरू पूर्ण रूपमा जानकार छन् ।

कहिलेकाहीँ मैले खुसी र उदासी सँगै प्राप्त गर्छु । यस्तो अवस्थामा मेरा आन्तरिक दुस्मनहरू निकै सल्बलाउन थाल्छन् । त्यति बेला तिनले मलाई सहजै खुसी उपभोग गर्न दिँदैनन् र उदासीको कारण पत्ता लगाउने कार्यमा समेत अवरोध खडा गरिदिन्छन् । जब यस्तो अवस्था सिर्जना हुन्छ, मेरा मनका शत्रुहरू निकै शक्तिशाली बनेर प्रस्तुत हुन्छन् र मलाई युद्धका लागि ललकार्न थाल्छन् । यसरी मनको युद्धमा पराजित हुनुपरेको अहिले मात्र होइन, सम्झना भएअनुसार बाल्यकाल, किशोरावस्था र प्रौढावस्थादेखि नै मनसँगको अधिकांश युद्धमा पराजय बेहोरेको छु । हुन त सबै मान्छेले मनको युद्धमा विजय प्राप्त गर्छन् भन्ने छैन । मजस्तै अनगिन्ती मान्छेले मनसँगको युद्धमा पराजित बनेर ज्यान समेत गुमाउनु परेका घटनाहरू नसुनिएको होइन । भाग्यले मलाई त्यस्तो अवस्थामा भने आजसम्म पुऱ्याउन सकेको छैन । निकैपटक पराजय बेहोरेर पनि त्यस अवस्थासम्म पुग्नु नपरेकोमा भने मलाई सन्तोष लाग्छ तर यदाकदा युद्धमा भाग नलिँदै मनले स्वतः हार खाएको हुन्छ । त्यस बेला भने मलाई निकै चिन्ता लाग्छ ।

मेरो अनुभवमा युद्धअघि नै मन पराजित हुन्छ भने, यो सरासर पराजय हो । होइन युद्ध लड्नुपर्छ यसबाट भाग्नु हुँदैन जस्तो लाग्छ भने त्यही विजय हो । भौतिक रूपमा भएको पराजयले मान्छेलाई कमजोर बनाउँदैन । किनभने रूख चढ्ने मान्छे लड्छ । यसमा के आश्चर्य भयो ? मन मान्छेलाई बाँध्ने र डोऱ्याउने दाम्लो रहेछ । मनलाई दाम्लोले बाँधेर नियन्त्रण गर्न सकिन्छ र दाम्लो फुकाएर स्वतन्त्रता दिन पनि सकिन्छ । त्यसैले मन, मानव बन्धन र मुक्तिको प्राथमिक कारण हो । लाग्छ, मनलाई स्वतन्त्रता दिनुपर्छ भन्दैमा अत्यधिक स्वतन्त्रता व्यक्तिगत रूपमा घातक हुन सक्छ र सायद अति बन्धनमा राख्नु पनि त्यति श्रेयस्कर मानिँदैन । मेरा भोगाइका अनुभवहरूले बताइरहेको छ, मनलाई स्वतन्त्रता दिएको फल अहिले राखिरहेको छु ।

इच्छाशक्ति मानिससँग भएको महत्त्वपूर्ण हतियार हो, जुन शक्तिशाली शत्रुहरूलाई पनि पराजित गर्न सक्षम हुन्छ । सेना र हतियारहरूले सुसज्जित ठुला ठुला युद्धमा पनि दुस्मन शक्तिलाई इच्छाशक्तिका माध्यमबाट अप्रभावी बनाइदिन सकिन्छ । इच्छाशक्ति व्यक्तिको

आन्तरिक उर्जा हो । महाभारतको युद्धमा केवल कृष्णको साथ पाएर मात्र पाण्डवले विजय प्राप्त गरेका थिएनन् । तिनका मनमा दह्रिलो इच्छाशक्ति थियो, बरू उनीहरूको इच्छाशक्तिलाई कृष्णले पर्याप्त मात्रामा मलजल गरेका थिए र उनले पाण्डवको इच्छा शक्ति डगमगाउन दिएका थिएनन् ।

मनको यही शक्तिद्वारा मानिसले प्रकृतिमाथि शासन स्थापित गर्न सफल भएका छन् । यही इच्छा शक्तिले, मानिसले आकाशको उचाइ र पृथ्वीको गहिराइ नापेका छन् । आफ्नो कल्पनाशक्तिमार्फत, मानिसले सपना देखेका छन्, सुखी जीवनका जुनसुकै सपनाहरू पूरा गर्ने माध्यम फेला पारेका छन् । प्रकृतिलाई चुनौती दिँदै मान्छेले खडेरीमा वर्षा गराउन र अति वर्षामा बादल तितरबितर गर्न सक्ने क्षमताको विकास गरेको छ ।

प्रमाणित भइसकेको छ, मन हार्‍यो भने युद्धमा हार हुन्छ र मनले जित्ने हो भने युद्धमा जित हुन्छ । अर्को शब्दमा भन्नुपर्दा, मानव जीवनमा दुःख र सुख सहअस्तित्वमा रहन्छन् तर मान्छेले धैर्य गुमाउनु हुँदैन । किनकि विजय र हार केवल मनको स्वीकृति वा अस्वीकारमा निर्भर गर्दछ । यदि प्रारम्भिक चरणमा मनले हार स्वीकार गर्छ भने हार निश्चित छ । यसका विपरीत, यदि कुनै व्यक्तिले हार स्वीकार गर्न अस्वीकार गर्छ भने, प्रतिकूल परिस्थितिमा पनि सफलताले उसलाई पछ्याउँछ । विजय र हार, लाभ र हानि, आनन्द र दुःख, सबै मान्छेको मनबाट उत्पन्न हुने कुरा हुन् । भनिन्छ, व्यक्तिले जस्तो अनुभव गर्छ त्यस्तै परिणाम निस्कन्छ । यथार्थमा मनको स्थिरता, धैर्य र निरन्तरता नै सफलताको कुञ्जी हो । जबसम्म मनमा कुनै कुरा हासिल गर्ने चाहना रहन्छ, तबसम्म व्यक्ति असफलताको सामना गर्दा पनि त्यो हासिल गर्न प्रयासरत रहिरहेको हुन्छ ।

यति हुँदाहुँदै पनि किन मैले मनसँगको युद्धमा पराजय बेहोर्नुपर्‍यो ? म आफैसँग प्रश्न गर्छु । मेरो मनले भन्छ, 'चिरञ्जीवी, तेरो इच्छाशक्ति बलियो छैन निकै कमजोर छ । तैँले निश्चित समयमा उचित निर्णय गर्न सक्दैनस् । आफ्नो मनलाई अत्यधिक स्वतन्त्रता दिनु नै जीवनमा तेरो सबैभन्दा ठुलो गल्ती थियो । सक्छस् भने मन बलियो बनाउनुपर्छ र आफ्नो मनलाई कृष्ण बनाएर राख्नुपर्छ । अनि मात्र मनसँगका सबै युद्धमा तेरो विजय निश्चित छ ।'

सायद फलामलाई फलामले काट्छ भनेको यही हो । मेरो मनले उसैसँग लड्ने सूत्र घोकाइरहेको छ । म त्यही सूत्र घोक्ने असफल प्रयास गरिरहेछु ।

मनभित्रको युद्धका कारण म थाकिसकेको छु । वास्तवमा मेरो आफ्नै मन कसरी मेरो दुस्मन भयो ? मान्छेहरू भन्छन्, मनका कुरा पनि ग्रहण गर्नुपर्छ । मनलाई एक जना आत्मीय साथीका रूपमा सम्झनुपर्छ तर निरन्तर सोचिरहने, लोभी, पापी, कसैलाई घृणा मात्र गर्ने र भ्रमको खेती गरिरहने मनसँग म कसरी मित्रवत् व्यवहार गर्न सक्छु ? त्यसैले लाग्छ, यो मनभित्रको युद्ध अझै जारी छ ।

(chiranjeebidahal356@gmail.com)

काठमाडौँमा शब्दाङ्कुर पाइने ठाउँ
पुस्तक सेन्टर
**अद्वैतमार्ग (आरआर क्याम्पसको ठिक पछाडि), बागबजार**
**०१–५३६६७८० ९८४१–३६७७६२**

निबन्ध

# घर

**भोलानाथ सुवेदी**



तपाईंको घर कहाँ हो नि ? त्यो अपरिचित आवाज ? किन मैले भने ? परिचय गर्ने बाटो । उसको जबाफ । जहाँको होस् जताको होस् । ठाउँको ठाउँ परिचय भैहाल्छ । यस्तै चलन छ अचेल । समस्यामा पर्दा मान्छेले घर सोध्छ नत्र ठाडो पुच्छर लगाएर दौडन्छ । यसको उदाहरण तपाईं र मबाहेक जान्ने को होला र अरू । घर बालापनको नाट्यशाला । दुःख बिसाउने चौतारी । देशप्रेम जगाउने र जीवन सिकाउने प्रयोगशाला पनि । एक झर पानी ओत्ने र टन्टलापुर घाममा शितलता दिने वर वृक्ष पनि ।

व्यञ्जन वर्णको घभन्दा कयौँ वर्ष अघिदेखि घरले पृथ्वीमा खुट्टो घुमाएको हुनुपर्छ जस्तो यो कलमजीवीलाई लाग्छ । वर्णमालाको विकासको क्रममा विद्वान्हरूले यसको कदर गर्दै पहिलो लहरको चौथो क्रममा यसलाई विराजमान गराइदिए पछि यसको महिमा चुलिदै आएको छ । अझ यो शताब्दीमा त यसकै वरिपरि मान्छे जाँतो घुमेझैँ घुमिरहेको छ । अचेल गर्मीदेखि सर्दीसम्म वातानुकुलित घरहरू निर्माण भएका पाइन्छन् ।

आम्दानी र हावापानीअनुसारका घरहरू निर्माण भएका हुन्छन् । खरले छाएको होस् वा टिनले टल्काएको भय भगाउने र आसा जगाउने माध्यम हो घर । घर आमाको काख जस्तै ठान्छ मान्छेले । सन्तोषको सास फेर्नको लागि । टालेको भए नि दाह्रा फर्केको भए नि घरको चार सुरभित्र मान्छेले जीवनको लक्ष्य निर्धारण गर्छ । घरले इतिहास बोल्छ । जीवन दर्शन सिकाउँछ र गन्तव्य पहिल्याउँछ । मानव विकासक्रमसँगै मान्छेले सिकेको पहिलो कुरा बास थियो । बास मान्छेको आधारभूत आवश्यकता । सरकारले बासका लागि वर्षेनी करोडौँ बजेट छुट्याए पनि बास नपाएकाहरू सडकमा असरल्ल भेटिन्छन् । बजेट कहाँ गयो कसैले खोज्दैन । बनेका घरमा कति मान्छेले आश्रय लिए कतै जानकारी हुँदैन । आफ्नो घरभित्र मान्छेले सहजता, सरलता र अपनतव महशुस गर्छ र त अरूको घरमा एक झप्को निदाउन सक्दैन । एक्लै रमाउन अभ्यस्त छ मान्छे । भूकम्पपछि त बाक्लो दाल खानेको सङ्ख्या बढेर गयो । घरमा भएका चार सदस्यमा सबै छुटिएर बसेपछि सरकारले राहात दिन करै लाग्यो । अहिले ति घरहरू भुत बङ्गाला बनेका छन् । घरकै कारण एकल परिवारको विकास भएको हो । भूगोलअनुसार मान्छेले घरको जग बसाल्यो र रमाउन थाल्यो । भानुभक्तको घरदेखि देवकोटाको घरसम्म । वि.पि.को घरदेखि भण्डारीको घरसम्म ज्ञानीको ज्ञान र ध्यानीको ध्यानका लागि संरक्षण गरिएका छन् ।

घरबारे कति गीत गाइए । कति काव्य रचना भए । उखान र टुक्का बने । त्यसैले घर सबैको अभिभावक बनेको छ । भाडा खानु र झाडा खानु एकै हो भन्ने मेरा एक मित्र सहरमा घरको तलो थप्न व्यस्त देखिन्छन् अचेल । प्रत्येक वर्ष बजेट भाषणसँगै कोठाको भाडादर कम्तीमा पाँच सयले उकालो लाग्छ र घरवाला र डेरावालाको सङ्गठन बन्न पुग्छ । घरले मित्रमात्र होइन शत्रु पनि कमाइरहेको हुन्छ । बैङ्कमा ऋण लिएर जग बसालेकाहरू यसका साक्षी प्रमाण हुन् । नागरिकतामा फोटो टाँस्नदेखि जागिरको दरखास्तमा दरिनसम्म घरको

चार सुर कस्नै पर्छ । जन्मदा होस् वा मर्दा घर ठेगाना नखुले न जन्म दर्ता हुन्छ न मृत्यु दर्ता । अस्पतालमा होस् वा अदालतमा बसमा होस् वा हवाइजहाजमा जहाँ पनि घर हाजिर हुन आइपुग्छ । तपाईंको घर कहाँ हो नि ? यस्तै प्रश्नले झस्काइरहन्छ ।

घर कसको हुँदैन । कमिलादेखि धमिरासम्म । कुकुरदेखि ढुकुरसम्म सबै आआफ्ना घरभित्रै घेरिन्छन् । गुँडमा बसे नि डुँडमा बसे नि झुप्रोमा बसे नि दरबारमा पसे नि एक पेट खाएर सन्तोषको सास फेर्न घर नभई नहुँदो रहेछ । सानो होस् कि ठुलो होस् । झ्याले होस् कि प्वाले होस् । घरभित्र पसेपछि न विषालु जीवले डस्ला भन्ने पिर न झरीले झ्याउरे पार्ला भन्ने डर । घरका विषयमा मानिसलाई भन्दा बढी पीडा अरूमा भेटिँदैन । छोरी अन्माउन होस् वा बुहारीभित्र्याउन घर बिहेको पहिलो सर्त हुन्छ । अझ बाउआमाको बुढेलबुटीदेखि छोराछोरीलाई अंशसम्म घरकै भागबन्डामा अडिन्छ । सन्तानका लागि दुःख गर्नेहरू पछि घरको न घाटको भएर बेघर बाँचेका भेटिन्छन् । बाउको होस् कि साहुको होस्, बाजेको होस् कि बराजुको होस् घर भनेपछि मर्न आँटेकाहरूले पनि –याल चुहाउँछन् । अझ सहरमा भाडा नतिरी बस्ने घर भेटेकाको त कुरै बेग्लै ।

घरको दलिनमा पिङ खेलेकाहरू घरकै कारण दलिनमा झुण्डिन्छन् । घरका लागि मान्छेले विश्वका कयौँ देशको गल्ली डुलेको छ । मरूभूमिमा बाफिएको छ । कतार, मलेसियादेखि स्पेन र टर्की पनि काटेको छ । खरको छानो फालेर टिनको छानो हाल्न मान्छेले आफैलाई बेचेको छ । घर नहुनेले जग्गा जोड्यो घर बनायो । घरका लागि मान्छेले के गर्न बाँकी राखेन होला र ? चोर्नेदेखि फोर्नेसम्म, लुट्नेदेखि कुट्नेसम्म । अपुताली होस् वा बकौती, अत्याचार होस् कि भष्ट्रचार होस् सबै हतकण्डा अपनाइको छ गजवले ।

घरले यौटै लाम्टो चुसेर हुर्केका दाजुभाइमा वैमनश्यता ल्याउनेदेखि जन्मँदै घाँटी निमोठ्ने गरेको पाइन्छ । घरले परिवारमा फाटो ल्याउने होइन सम्बन्ध सुधार गर्ने काममा सबैलाई प्रेरणा दिन सकोस् । जय घर !

(nathbholasubedi@gmail.com)

लघुकथा

# स्वार्थ

**ध्रुवराज थापा 'पुरूष'**

आफ्नो काखलाई सिरानी हालेर मस्त निद्रामा परेका महादेवलाई पार्वतीले बिउँझाइन् र बिन्ती बिसाइन्, 'हे नाथ ! मर्त्यलोकमा एक जना पुरूषको निधन भएछ । उसकी श्रीमती र आमाबाबुको ठुलो रूवावासी चलिरहेछ । मलाई असह्य भयो । हजुर गएर केही उपाय गरेर आउनुस् !'

महादेवले भने, 'मृत्यु प्रकृतिको नियम हो । सबैले स्विकार्नुपर्छ । यस्तो कुरामा मैले हात हाल्नु हुन्न प्रिय ।'

'सबै जना मृतकको सट्टा आफू मर्न पाए हुन्थ्यो भन्दै छन् ! लौ न प्रभु केही उपाय गरेर आउनुस् !' पार्वतीले बिन्ती बिसाइन् ।

महादेव कड्किए, 'यो मान्छेको स्वार्थ बोलेको हो आत्मा होइन ।'

(dhrubaraj70@gmail.com)

समालोचना

# भूमिकाका दृष्टिले लोरिकायन लोकमहाकाव्यको पात्रविधान



**शीतल गिरी**

## १. विषयपरिचय

मानिसका स्वरहरू झङ्कृत भएको जनभावना र लोकजीवनको आँसु, हाँसो र वेदना छचल्किएको सम्पूर्ण जनमानसकै स्वर हो । लोकमहाकाव्य त जनताकै सुखदुःखलाई प्रत्यक्ष अनुभव गरेर वनपाखा, उकाली, ओराली, देउराली र मेलापातका आत्मा बोकेको प्राचीन कालदेखि अविच्छिन्न बगिरहेको लोकको अमूल्य निधि हो । तराईमधेसमा लोकमहाकाव्यका रूपमा लोकमान्यताका आधारमा रानी सारंगा, अलहारूदल, सोरठी वृजाभार, भरथरी, सहलेस गाथा, **लोरिकायन** आदि छन् । लोकमहाकाव्य सरल, सङ्क्षिप्त र सुमधुर हुनाका साथै कलात्मक पाराले पोतिएको हुन्छ । यीमध्ये **लोरिकायन** लोकमहाकाव्यमा दन्तकथा र तराईमधेसको ऐतिहासिक विषयवस्तुको सङ्केत पाइनुका साथै भूगोल मुख्य आधार बन्न गएको छ । यस लोकमहाकाव्यमा भूगोल मुख्य आधार पाइए तापनि राजाहरूका स्वार्थको विषयलाई लिएर कथानकको विकास भएको छ । यही कथानकलाई अगाडि बढाउन नायक लोरिक, मञ्जरी, चनवा खलपात्रका रूपमा बमरी, मोलागत, दसवन्त, भिम्हली, निर्मल, हरेवालगायत छन् । प्रमुख पात्रलाई सहयोग गरी कथानकको उद्देश्य पूरा गर्न यस लोकमहाकाव्यमा सतिया मदाइन, विजवा, अजयी, खेदु, मदसांवरलगायत सहायक पात्रका रूपमा र झीँगुरी, टिकाई, देवसि, नोनवांलगायत छन् । लोकमहाकाव्य लोकजीवनकै साझा सम्पत्ति हो । प्रस्तुत गोष्ठीपत्रमा यिनै पात्रहरूको भूमिकाको अध्ययन तथा विश्लेषण गरिएको छ । लोकसाहित्यमा मानव वा मानवेतर प्राणीको प्रयोग गरेको हुन्छ, तिनै प्राणीलाई पात्र भनिन्छ । आख्यानात्मक कृतिमा प्रयुक्त नायक, नायिका, अभिनेता तथा अन्य व्यक्ति वा वस्तु नै पात्र हुन् । तिनै पात्रको स्वभाव, प्रकृति, आदत, व्यवहार, चालचलन, लवाइ, खवाइ, बोलीवचन, विचार, हाउभाउ, आनीवानी, आचरण, कार्यशैली आदिलाई चरित्र भनिन्छ भने तिनै प्राणीको व्यवस्थित विन्यासलाई पात्रविधान भनिन्छ ।

**लोरिकायन** लोकमहाकाव्यको पात्रविधानलाई मूल विषय मान्दै तिनको भूमिकाको अध्ययन तथा विश्लेषण गर्नु यस आलेखको मुख्य विषय हो ।

## २. लोकमहाकाव्यको सैद्धान्तिक स्वरूप

आख्यानात्मक कृतिमा प्रयोग भएका मानव वा मानवेतर प्राणी पात्र हुन् । कथानकलाई गति दिन सिङ्गो लोकमहाकाव्यलाई विशिष्ट मूल्य प्रदान गर्न पात्रले निर्वाह गरेको भूमिकालाई चरित्र भनिन्छ भने पात्रको वर्ग, तिनीहरूले निर्वाह गर्ने भूमिका, कार्यव्यापार, भावविचार, स्वभाव, चारित्रिक विशेषता आदिका आधारमा तिनीहरूका जे जस्ता भूमिका रहन्छन्, त्यो प्रक्रिया नै सम्बन्धित लोकमहाकाव्यको पात्रविधान हो । लोकगायकले आवश्यकताअनुसार पात्र सिर्जना गर्छ । तिनीहरू सत्यको नजिक हुन्छन् । तिनीहरूले नै आख्यानात्मक घटनालाई अगाडि बढाउने कार्य गर्ने हुँदा पात्रलाई आख्यानको प्राण भनिन्छ ।

लोकमहाकाव्यका मालाहरूमा अनेकौँ सुन्दर हिरामोतीजस्ता बहुमूल्य फूलहरू गाँसिएका हुन्छन् ।

लोकमहाकाव्य जनमानसकै सहृदयी भएर अविरल गतिमा चलिरहेको छ । लोकमहाकाव्यका पात्रहरूको चर्चा वस्तुयोजनामा प्रमुख पात्रहरूको भूमिकालाई मूल आधार मानिएको छ । मानवीय प्रवृत्तिका आधारमा पात्र उत्तम, मध्यम र अधम गरी तीन प्रकारका हुन्छन् । लोकमहाकाव्य जीवित लोकजीवनको अलिखित सामाजिक एवम् सांस्कृतिक इतिहास हो । यस अर्थमा लोकमहाकाव्य लोकको साहित्य, लोकद्वारा सिर्जिएको साहित्य र लोकका लागि रचिएको साहित्य भन्ने बुझिन्छ । जुन लोकमहाकाव्यमा लोकभावना र लोकअभिव्यक्ति फुरेको हुन्छ, सजिएको हुन्छ र चम्किएको हुन्छ, त्यसैमा सर्वसाधारण जनता भिजेका र हुर्केका हुन्छन् । लोकजीवनका सुखदुःख, रीतिरिवाज, आस्था, निष्ठा एवम् परम्परागत तत्त्वहरू विद्यमान रहेको काल्पनिक एवम् मौखिक कलात्मक अभिव्यक्ति लोकमहाकाव्य हो । लोकमहाकाव्यमा पात्र नै लोकगायकको प्रतिनिधि, उद्देश्यबाहक, घटनाको सञ्चालक, सर्जक र स्रोताको पुल भएकोले लोकगायकले आफ्नो गायनमा यसको राम्ररी व्यवस्था गर्नुपर्छ । मौखिक अभिव्यक्तिको समष्टिगत स्वरूप लोकमहाकाव्य हो । लोकगायकले पात्रविधानकै माध्यमबाट हरेक सहभागीका व्यक्तिगत र निजी प्रवृत्ति एवम् गुणलाई स्पष्ट्याउने तथा तिनलाई सशक्त र जीवन्त तुल्याउने काम गर्छन् । लोकमहाकाव्यमा घटनावली र कथानकलाई गतिशील, प्रभावकारी र विकसित तुल्याउने तथा प्रस्तुतिलाई सार्थक र गरिमामय बनाउने सन्दर्भमा पात्रविधानको महत्त्वपूर्ण भूमिका रहन्छ । लोकमहाकाव्यमा लोकगायकले प्रतिनिधिमूलक पात्रहरूको प्रयोग गरेको हुन्छ । लोकमहाकाव्यमा युगजीवनका समग्रतालाई प्रस्तुत गर्न सक्ने प्रतिनिधिमूलक पात्र लोकगायकबाट चयनको अपेक्षा गरिन्छ । समग्र जातिको जातीय प्रतिनिधित्व गर्न सक्ने पात्र नै लोकमहाकाव्यका लागि अपेक्षित पात्र हो । लोकमहाकाव्यका सबै पात्रले उत्तिकै महत्त्वपूर्ण कार्य गर्दैनन् । लोकमहाकाव्यमा सबैभन्दा बढी भूमिका भएको केन्द्रीय पात्र नै प्रमुख पात्र हो । जुन पात्रसँग लोकमहाकाव्यमा निहित कथानकको घनिष्ट र सोझो सम्बन्ध रहन्छ त्यसलाई प्रमुख पात्र भनिन्छ । प्रमुख पात्रको चरित्रलाई उजिल्याउन तथा उसका क्रियाकलापका लागि पृष्ठभूमि तयार गर्न मद्दत गर्ने पात्रहरू सहायक पात्र हुन् । कथानकसँग सिधा सम्बन्ध नभएका तर मुख्य पात्रको चरित्र विकासमा सहायक हुने र कथानकका तन्तुहरूलाई जोड्ने पात्र गौण पात्र हुन् । तिनीहरूले अप्रत्यक्ष रूपमा लोकमहाकाव्यको लक्ष्य प्राप्तिका लागि काम गर्छन् । लोकमहाकाव्यमा रहेका पात्रहरूको भूमिकालाई आधार मानेर तिनीहरूलाई प्रमुख, सहायक र गौणमा विभाजन गर्न सकिन्छ । प्रमुख पात्र उसको भूमिकाका आधारमा आधिकारिक कथानकसँग जोडिन्छ भने सहायक र गौण पात्रहरूले प्रमुख पात्रलाई प्रकाश पार्ने र कथानकमा गति दिने काम गर्छन् । यसबाट के स्पष्ट हुन्छ भने लोकमहाकाव्यका उद्देश्य र स्वरूपका आधारमा पात्रले निर्वाह गर्ने भूमिका पनि आआफ्नै किसिमका हुन्छन् । कुनै पात्र सुरुदेखि अन्तसम्म आएका हुन्छन् भने कुनै पात्र बिचमै हराउँछन् । सबै पात्रले बराबर महत्त्व पाएका हुँदैनन् । यसरी नै पात्रको श्रेणी निर्धारण गरिन्छ । लोकमहाकाव्यका पात्रलाई मूल पात्रका श्रेणी, सहायक पात्रका श्रेणी, गौण पात्रका श्रेणीमा सहनायक सहनायिका पर्दछन् । मूल पात्रसँग सोझो सम्बन्ध भएका पात्र गौण पात्रअन्तर्गत पर्छन् भने ज्यादै छोटो समय लोकमहाकाव्यमा आएर आफ्नो कार्य पूरा गर्ने पात्र अति गौण पात्रका वर्गमा पर्दछन् । कुनै पनि राष्ट्र, समाज र लोकमहाकाव्यका बिच घनिष्ट सम्बन्ध रहेको हुन्छ । लोकमहाकाव्य लोकसंस्कृतिको स्वरूप हो र लोकसंस्कृतिको स्वाभाविक चित्रण लोकमहाकाव्यमा भेटिने हुँदा **लोरिकायन**का पात्रहरूको विश्लेषण गरिएको छ ।

## ३. लोकमहाकाव्य लोरिकायन

लोकमहाकाव्य **लोरिकायन**का पात्रहरूको विश्लेषण गर्नुभन्दा अगाडि किन यसको रचना गरिएको हो भन्ने कुरा बुझ्नु युक्तिसङ्गत हुन्छ । लोकमहाकाव्य रचनाबाट यस लोक र परलोकमा समेत मनोरथ पूर्ण हुन्छ भन्ने वेदकाव्यका कुरा सुनेर वा बुझेर होस् वा नहोस्, यसबाट चतुर्वर्गफल प्राप्ति अर्थात् धर्म, अर्थ, काम र मोक्षजस्ता कुरा पाइने लोभमा गरेर होस् वा नहोस् यसप्रति लोक अभिरुचि निकै ज्यादा हुन्छ । अभिव्यक्तिमा सङ्गीत मिसिएको खण्डमा भनाइ आकर्षित हुन्छ र आकर्षक कुरा सुस्मरणीय पनि हुन्छ । मूलतः यही तथ्यलाई मनन गरेर प्राचीन समयको वीरगाथाको पृष्ठपोषक तत्त्वलाई सङ्गीतात्मक पुट दिई जनमानसमा सुस्थापित हुन सकेको तराईमधेसको लोकरचनाको गौरव हो यो । लोकप्रतिभाको प्रस्फुरणले ठाउँ खोज्ने क्रममा यस्ता लोकमहाकाव्यको आश्रय लिइएको हो कि जस्तो पनि लाग्छ । **लोरिकायन**को प्रचारप्रसार लगभग सम्पूर्ण तराईमधेसमा छ । यसको कथा लोकसाहित्यका अध्येताका लागि मात्र होइन बरु साहित्यिक पाठकका लागि पनि महत्त्वपूर्ण छ ।

लोकमहाकाव्य **लोरिकायन**को नायक गउरको अहिर हो जसलाई जनवा नामकी एउटी विवाहिता सुन्दरीले अपमानित गर्छ । होली खेल्न आएको लोरिकलाई व्यङ्ग गर्छ, 'यदि तिमी वीर हो भने त दाजुको विवाह गरेर भाउजू ल्याऊ र होली खेल ।'

लाञ्छनाले दुःखित बनेको लोरिक दाजुको विवाह गराउन चाहन्छ तर गाह्रो छ । उसको दाजु मलसांवर भजनकीर्तनमा लिन रहने गर्छ र विवाह गर्न नै चाहँदैन । पाण्डित्य र अभ्यासका बाछिटै यस **लोरिकायन**मा नदेखिने भन्नु त गलत हुन्छ तर तिनको मात्रा तुलनात्मक रूपमा कमै देखिन्छ । यसमा भनिएको कुराको सहज प्रवाह र शैलीको स्वाभाविकताले पनि यस कुरालाई प्रमाणित गर्छ । कतिकै गर्दा पनि विवाहका लागि तयार नभएको मलसांवर एउटी मुसहरिनको व्यङ्ग, 'मेरो मुसहर त्यस समयसम्म भोजन नै गर्दैन, जबसम्म ऊ हिँड्ने बाटो पवित्र जल छर्किएर मैले पवित्र बनाउँदिनँ किनभने जुन बाटोबाट बालब्रह्मचारी हिँडेको हुन्छ । धर्मअनुसार त्यो बाटो अपवित्र हुन्छ ।' सुनेर विवाह गर्न तयार हुन्छ । तर मलसांवरको भावी पत्नी सतिया पनि यस्तै छिन् जो भजनकिर्तनमा सधैँ लिन रहन्छिन् र विवाह गर्न नै चाहँदिनन् । अजयी धोबीको अगुवाइमा सजिएर गउरबाट सोहबल गएको जन्तीमा बाँठा चमार, सुर्जन डोम तथा अरू थुप्रै जातिका मानिस सहभागी छन् । विवाह साधारण छैन । यहाँ पाइने प्रायः लोकमहाकाव्यको रचनाशैली एउटै किसिमको देखिन्छ ।

यस विवाहमा अनेकौँ लडाइँ हुन्छ । लडाइँमा शक्तिवाण र अग्निवाण प्रयोग गरिन्छ । दुर्गा माता र वनसती माताको पर्याप्त सहयोग लोरिकलाई प्राप्त हुन्छ । सतियाको आज्ञाले हरदोइया नागले सम्पूर्ण जन्तीलाई डस्छ र मार्छ तर दुर्गा माताले सम्पूर्ण जन्तीलाई पुनः जिउँदो पार्ने उपाय सिकाउँछिन् । कथाले एउटा मिथकको रूप धारण गर्छ जसमा मानिसको साथमा देउताले पनि भाग लिएका छन् । लोरिकले बमरीको छोरा भिम्हली र दसवन्तलाई मारेर मलसांवर र सतियाको विवाह गराउँछ र जन्ती गउर फर्किन्छ । अगोरीको राजा मोलागत अत्याचारी छ, आततायी छ र लम्पट छ । त्यस राज्यमा जब महरको घरमा मञ्जरीको जन्म भयो तब सुनचाँदीको वर्षा भएको थियो । बुझेर या नबुझेर अति अस्वाभाविक घटनालाई सहज रूपमा समेटीकन बनाइएको विषयवस्तुमा सङ्गीत र छन्दको मोहनी घोलेर मनका भावहरूसमेत मिसाई नचाहिँदो शिल्पबाट अलग रहेर सहज रूपले कथिएको लोकमहाकाव्य

लोरिकायन हो । भाषाशैली पनि रचना प्रविधिको आवश्यक अङ्ग हो । जब मञ्जरी बढेर विवाहयोग्य बनी तब उसको बुवालाई चिन्ता हुनु स्वाभाविकै हो– त्यसैले जाति र धर्मको रक्षाका लागि अहिर कुलको वर खोज्छ तर कतै पनि योग्य वर पाउँदैन । मञ्जरीले बुवालाई सल्लाह दिन्छिन् कि गउरको अहिर लोरिकसमक्ष विवाहको प्रस्ताव पठाउन । प्रस्ताव स्वीकार गरी मञ्जरीसँग विवाह गर्न अगोरी आएको लोरिकले मोलागतको सहायक भांट र मोलागतको भान्जा निर्मललाई युद्धमा पराजित गर्छ र पत्नीलाई साथमा लिएर गउर फर्किन्छ ।

लोरिकले अगोरिमा मारेको हाती पूर्वजन्ममा मञ्जरीको बहिनी थियो जो यस जन्ममा मानवबाट हाती बनेकी थाहा हुन आउँछ । एउटा वीर योद्धा आफ्नो सम्पूर्ण लडाइँ लडेपछि विश्राम गर्छ । लोरिकले मञ्जरीसँग विवाह गरेकै थियो तर एउटी अर्की आइमाई चनवाको साथमा भागेर हल्दीमा जान्छ र नयाँ किसिमका विपत्तिहरूको सामना गर्नुपऱ्यो । तर केही दिनपछि उसको शौर्यले नयाँ चुनौती स्वीकार गर्नुपर्ने भयो । हल्दीमा उसले जग्गु बनजारबाट थाहा पायो कि चनवाको बाबु र छिमेकका थुप्रै वीरले एकै चोटि आक्रमण गरेर मलसांवरलाई मारिदियो । लोरिककी आमा खोइलनी र पत्नी मञ्जरी अरूको घरमा सेविकाको काम गरेर जीवनयापन गर्नुपरिरहेको छ । लोरिकले दुःखित भएर चनवाको साथमा बोहा फर्किन्छ र त्यहाँबाट गउरको स्थितिका बारेमा जानकारी लिन्छ । पत्नीको सतीत्वको परीक्षण गर्छ अनि गउरबाट फर्किन्छ । लोरिकको मञ्जरीतर्फको छोरा भोरिक, चनवातर्फको चन्द्राइत र दाजु मलसांवर-सतियाको छोरा देवाइच गएर छिमेकको पिपरीमा आक्रमण गरेर आफ्नो हरण गरिएका सम्पूर्ण पशु देवसीको कब्जाबाट फर्काएर ल्याउँछ र अन्य शत्रुलाई पनि पराजित गरेर लुटिएका धन पुनः प्राप्त गर्छ ।

## ४. भूमिकाका दृष्टिले लोरिकायन लोकमहाकाव्यका पात्रहरूको विश्लेषण

आख्यानात्मक लोकमहाकाव्यमा पात्रको गतिविधि वा तिनीहरूको क्रियाकलापलाई भूमिका भनिन्छ । तिनीहरू लोकमहाकाव्यमा प्रमुख, सहायक र गौण वर्गमा रहेर क्रियाकलाप प्रदर्शन गर्छन् । तिनले नै लोकमहाकाव्यलाई जीवन्त र गतिशील तुल्याउँछन् । यस दृष्टिबाट **लोरिकायन** लोकमहाकाव्यमा लोरिक, मलसांवर, अजयी धोबी, मञ्जरी, चनवा, सतीया, विजवा, दसवन्त, भीम्हली, मोलागत, जग्गु बनजारा, बमरी, निर्मल आदि प्रमुख पात्र देखिन्छन् भने अति गौण तथा प्रमुख पात्रका निकट भइ कार्य गर्ने र कार्यव्यापारका दृष्टिले प्रमुख पात्रको भन्दा कम र गौण पात्रको भन्दा बढी भूमिका भएका अनेक छन् । यसै गरी कतिपय गौण पात्र छन् भने नामोच्चारण मात्र गरिएका र कुनै भूमिका नभएका पात्रहरू पनि छन् । सहायक, गौण र नामोच्चारण मात्र गरिएका पात्रहरूले पनि प्रधान चरित्रलाई प्रकाश पार्छन् । **लोरिकायन** लोकमहाकाव्यमा निकै धेरै पात्र भएका हुँदा छानिएका सीमित पात्रको भूमिकाको विश्लेषण यहाँ गरिन्छ ।

### लोरिक

लोरिक **लोरिकायन** लोकमहाकाव्यको प्रमुख पात्र हो । उसैको नामबाट यस महाकाव्यको नामकरण गरिएकोले पनि उसको केन्द्रीय महत्त्व पुष्टि हुन्छ । लोकमहाकाव्यको कथानकसँग लोरिकको घनिष्ठ र सिधा सम्बन्ध छ । लोकमहाकाव्यलाई लक्ष्यित उद्देश्यतर्फ उन्मुख गराउन निःसन्देश उसको महत्त्व पुष्टि हुन्छ । जुन पात्रको नाम महाकाव्यमा सबैभन्दा बढी पुनरावृत्ति हुन्छ, त्यसैलाई नै प्रमुख पात्र ठान्दा पनि यस महाकाव्यमा उसलाई उसको वीरता र

न्यायप्रियताका कारण प्रशंसापूर्ण रूपमा सम्बोधन गरिएको छ । यसबाहेक तत्कालीन समयमा असाधारण वीरता देखाउने, प्रतिभा भएका कारण गउरको शासक रहेको छ । यस अर्थमा पनि प्रस्तुत लोकमहाकाव्यमा लोरिकको स्थानले महत्त्वपूर्ण सकारात्मक कार्यको परिचय प्रदान गरेको छ । दाजु मलसांवरको विवाह गराउन सोहबल जादा वीर दसवन्त, भीम्हली, सोहबलको सेना, सतीया मदिआइनले ल्याएका अनेकन विपत्तिको सामना गर्नुपर्ने हुन्छ । गउरको समझदार कुप्रो बुढो टिकाइ र खोइलनीको कान्छो छोरा हो लोरिक । उसको दाजु मलसांवर धर्मात्मा छ । त्यस्तै धर्मात्मा सोहबलबाट विवाह गरेर ल्याएको भाउजू सतीया छे । लोरिक चनवालाई भगाएर हल्दी बजार गएपछि त्यहाँ जमुनीले देखाएको आतिथ्य सत्कारबाट ऊ निकै प्रभावित हुन्छ र आफ्नो सामर्थ्यले त्यहाँको करद राजा बनेर बस्छ । लामो समयको बसाइको क्रममा उसले हल्दी बजारका १२०० सय युवतीको अनुरोध स्वीकार गरी नेउरापुरका अत्याचारी राजा हरेवाले थुनामा राखेका ती युवतीका १२०० पतिलाई थुनामुक्त गरेर ल्याउने प्रण गर्छ । यसरी लोरिकले सोहबल, अगोरी, लोहगाजर, नेउरापुर, सिरसापुरलगायतमा न्यायको पक्षमा शौर्यपूर्वक कर्तव्य निर्वाह गरेको छ । जग्गु बन्जाराबाट दाजु मलसांवर मारिएको, भाउजू सतिया सती गएको, बाबु टिकाइको मृत्यु भएको अनि छिमेकका शत्रुले बोहाको गाई, गउरको धन सम्पत्ति लुटेर लगेको थाहा पाएपछि गउर फकिन्छ । सरासर गउर नआएर बोहामा केही समय बसेर गउर र वरपरको समाचार सङ्ग्रह गर्छ । यसरी लोरिकले यथार्थ थाहा पाएपछि मञ्जरी, चनवाको साथमा गउर आउँछ । कथानकमा लोरिकलाई दुर्गा माता, वनसती माता, जलपादेवीबाट प्राप्त सहयोग यस लोकमहाकाव्यमा महत्त्वपूर्ण रहेको छ । शौर्यप्रधान लोकमहाकाव्यका नाताले यहाँ लोरिकको चरित्र केन्द्रीय विषय बनेको छ । उसैको नामबाट बज्जी समाजमा लोकमहाकाव्यको नाम रहन गएको छ र यसमा सो समयको हतियार, खानपान, सामाजिक व्यवहार लोकगायकले प्रस्तुत गरेका छन् । लडभिड गर्न सदा अघि सर्ने लोरिकको क्रियाकलापका साथै सो समयको वातावरणका सरलता, स्वच्छता, हार्दिकता र अतिथि सत्कारजस्ता सकारात्मक पक्षको परिचय पाइन्छ । जादुमन्त्रको बलले मन परेको पुरूषलाई वशमा पार्न मोहनी लगाउने क्षमता भएकी अर्कैको विवाहिता चनवाको क्रियाकलापले पनि यो लोकमहाकाव्य गहन बन्न पुगेको छ । अर्को कुरा सो समयमा घर घरमा अखाडा बनाउनुले पनि शौर्यको महत्त्व उजागर गरेको छ र मल्लयुद्धलगायतको युद्धकलामा सामान्यतः सबै दक्ष रहने सङ्केत मिल्छ । समग्रमा भन्नुपर्दा **लोरिकायन** लोकमहाकाव्यको नायक, करद राजा, न्यायप्रेमी वीरको भूमिकामा उपस्थित छ र उसको भूमिका न्यायप्रेमी वीरका रूपमा सर्वोपरि बनेर आएको छ ।

**मञ्जरी**

मञ्जरी **यस** महाकाव्यको प्रमुख नारी पात्र हो । महाकाव्यको चौथोदेखि अन्तिम खण्डसम्म उनको अटुट सम्बन्ध छ । अगोरी राज्यको करद राजा महरबाट षड्यन्त्रपूर्वक राजपाठ मोलागतले खोसेर लिएको थियो । अपदस्त राजा महरको घरमा जन्मिएकी हो मञ्जरी । जन्मँदा सवा घडीसम्म अगोरीमा सुनचाँदी बर्सिएको थियो । सुनचाँदी बर्सिनु शुभ ठानेर त्यहाँको अत्याचारी राजा मोलागतले आमाको काखमै रहेकी मञ्जरीलाई पत्नी बनाउन प्रयत्न गरेको थियो । विवाहयोग्य भएपछि उसैसँग छोरीको विवाह गरिदिने वचन महरिनले बाध्यतावश दिनुपरेको थियो । लोकमहाकाव्यको लक्ष्यित उद्देश्यलाई उन्मुख गराउन मञ्जरीको

सबल भूमिका रहेकोले पनि प्रमुख नारी पात्रका रूपमा निःसन्देह यिनको महत्त्व पुष्टि हुन्छ । चारैतिर खोजतलास गरी हार मानेर थाकेका पिता महरलाई आफूमा भएको विशिष्ट शक्तिले मञ्जरीले आफू योग्य वर गउरमा रहेको र ऊ टिकाइ र खोइलनीको कान्छो छोरा भएको जानकारी गराएकी थिइन् । टिकाटालोको विधि पूरा भएपछि सुरवीरका साथमा लोरिकले गउरदेखि जन्ती लिएर आउँछ । स्रोताहरूको सहानुभूति लोकमहाकाव्यमा मञ्जरीप्रति छ । मञ्जरीको भूमिकालाई लोकमहाकाव्यबाट हटाइदिने हो भने यसको संरचना नै लथालिङ्ग हुन्छ । यिनकै माध्यमबाट लोकगायकले करुणरस तथा महिलाको त्याग र कर्तव्य अभिव्यक्त गर्छन् । लोग्ने लोरिकले अर्की आइमाई चनवालाई भगाएर हल्दी लगेपछि त्यस परिवारमा आएको विपत्ति जेठाजु मारिनु, जेठानी दिदी सती जानु, ससुराको देहान्त, शत्रुले चल अचल सम्पत्ति लुटेर लैजानु– यस्तो विषम परिस्थितिमा बुद्धिमतासाथ घरपरिवार धानेर दुई नाबालक हुर्काउनु निश्चय नै सहज कार्य होइन, थिएन– मञ्जरीको बुद्धिपूर्ण कार्य हो आफू, दश ठाउँमा च्यातिएको, टालेको वस्त्र लगाएर, अरूको घरमा चुलोचौकालगायतका काम गरेर भए पनि लोग्नेको नाम र खानदानमा दाग लाग्न नदिनु उसको कर्तव्यशीलता हो ।
लोग्ने लोरिक र सासू खोइलनीले तिनको चरित्रमा शङ्का गरेका छन् । यो सोचनीय छ । मञ्जरीले आफूमा भएको सत् (शक्ति) ले आवश्यक पर्दा र लोग्नेको रक्षा गरेकी छन् । लोग्नेको मृत्युपछि नाबालक ३ जना बालक (जेठानी दिदी सतीयाको छोरा देवाइच, आफ्नो छोरा भोरिक र सौता चनवाको छोरा चन्द्राइत) लाई हुर्काउने मात्र होइन जेठाजु मलसांवरजस्तो ज्ञानी लोग्ने लोरिकजस्तो वीर बनाउँदै करद राज्य गउरको राजपाठ कुशलतासाथ सम्हाल्नाले पनि मञ्जरीको क्षमता र बुद्धिमता पुष्टि हुन्छ ।

**चनवा**

चनवा **पनि यस** महाकाव्यको प्रमुख पात्रमध्येमै पर्छ । उसैको मियोमा यस लोकमहाकाव्यका सम्पूर्ण सुखद-दुःखद घटनाहरू सञ्चालित छन् । लोकमहाकाव्यको मुख्य कथानक चनवासँग सम्बन्धित छ । नायक लोरिकले विवाह गर्दिनँ भनी बसेको ठुल्दाजु मलसांवरलाई विवाह गराउने प्रण गर्छ र बल्ल तल्ल मनाएर जन्ती सोहबल पुऱ्याउँछ । सोहबलका राजा बमरीको प्रण छ आफ्नो देशको कुनै पनि कन्याको विवाह हुन दिन्नँ, कसैले पनि मलाई ससुरो भन्न नपाओस्, मेरा सात भाइ छोरालाई सालो । यस्तो प्रण गरेको राजाकी छोरी सतीया मदियाइनसँग दाजु मलसांवरको विवाह अवश्य सहज होइन । यही कारणले त सतीयाका वीर दाजुहरू दसवन्त र भीम्हली अनी सोहबलका सेनाको ज्यान गएको छ । राजाले बाध्य भएर अन्तमा छोरी सतीया मदियाइनको ऊजस्तै धार्मिक पुरुष मलसांवरसँग विवाह गराइदिन्छ । यति मात्रै कहाँ हो र कुसुमापुर माइती भएकी शिवगढकी पत्नी चनवाले अगोरीबाट भरखरै मञ्जरीलाई विवाह गरेर ल्याएको लोरिकलाई मोहनी लगाएर वशमा पारेर भगाएर हल्दी बजार पुऱ्याई । आफ्नो उमेर, स्वार्थ, सुन्दरता, वाक्पटुताले हल्दीको भट्टीवाल्नी जमुनीलाई प्रभावित बनाई चनवाले । आफ्नो नखरायुक्त बैंसालु हाउभाउले लोरिकलाई पुतलीझैं नचाएकी छ । गउरको कुनै कुरा पनि लोरिकको कानमा पर्न नपाओस्– अति विपत्ति बेहोरेकी मञ्जरीले त्यहाँको सम्पूर्ण जानकारी गराउन हल्दी पठाएको गांगी हजामलाई ज्यान मार्ने डर देखाएर थुनेर राख्नाले पनि उक्त कुराको पुष्टि हुन्छ । चनवामा सौतेनी डाह भएकै कारण बोहामा पनि मञ्जरीलाई गलत साबित गर्ने षड्यन्त्र गरेकी छ । अरूप्रति नकारात्मक भए पनि लोग्ने

लोरिकलाई खतीहुनबाट बचाएको सिरसापुरको घटनाबाट पुष्टि हुन्छ । विवाहित पति शिवगढको कमजोरी लोरिकलाई बताएर ती दुईको मल्लयुद्धमा लोरिकको जितको कारण बनेकी छ । चनवाको कारणले यस लोकमहाकाव्यको कथानक फनक्क घुमेको कुराको पुष्टि हुन्छ । आफ्नो विवाहित लोग्नेलाई बेवास्ता गरी लक्का जवान लोरिकलाई मोहनी लगाई भाग्न बाध्य भएकी वासना पीडित पात्र पनि हो । लोरिकले होली खेल्दा छ्यापेको पिचकारीको रङले वस्त्र भिजाएको कारण लोरिकलाई वासनायुक्त दृष्टिले हेर्नु, मोहनी लगाएर भए पनि लोरिकसँग भागेर गई आफ्नो यौन तृष्णा पूरा गर्नु, विभिन्न प्रकारका षड्यन्त्र रचेर लोरिकलाई आफ्नै वरिपरि रहन बाध्य बनाउनु, सौता मञ्जरीलाई बदनाम गर्न योजना बनाउनु, आफ्नो स्वार्थ सिद्धिका लागि खबर लिएर आएको हल्कारा गांगीलाई थुनेर राख्नु उसको भूमिकाका अँध्यारा पक्षहरू हुन् । लोरिक गउर आएपछि, घाइते भएसँगै लोकमहाकाव्यका कथानकले पनि विश्रान्ति लिन्छ । यसरी हेर्दा लोकमहाकाव्यको अधिकारिक कथानक चनवाकै सेरोफेरोमा केन्द्रित रहेको छ । महाकाव्यको पहिलो खण्डमा चनवाको भूमिका मुखाले आइमाईको छ । उसको भूमिकाले मञ्जरीको जीवनलाई दुःखपूर्ण बनाएको छ । दुःखद घटनालाई अघि बढाउन उसको भूमिका महत्त्वपूर्ण छ । ऊ आफ्नो उद्देश्य पूरा गर्न जुनसुकै उपाय वा षड्यन्त्र रच्न तयार देखिन्छे । उसले षड्यन्त्रपूर्वक लोरिकलाई हल्दी भागेर जाने वातावरण तयार गरिदिएर कथानकको गतिलाई तीव्र बनाएको छ । उसैका माध्यमबाट लोकगायकले आफ्नो गायकीमा त्रिया चरित्र चित्रण गर्ने गरेका छन् । वासनाको कारण उसले निर्वाह गरेको भूमिकालाई हेर्दा तत्कालीन समयानुकूल सुहाउँदो नै देखिन्छ । तसर्थ चनवाको भूमिका प्रभावकारी र उपयुक्त छ ।

**दसवन्त**

दसवन्त **यस** महाकाव्यमा खलनायकका रूपमा छ । ऊ लोकमहाकाव्यको पहिलो, दोस्रो र तेस्रो खण्डमा मात्र देखिन्छ । ऊ न्यायलाई भन्दा पिता वमरीको आज्ञालाई बढी महत्त्व दिने आज्ञापालक चरित्रको छ । ऊ देशको रक्षाका लागि सिलहटमा खटिएको सेनापति हो । सिलहटको अखडामा योद्धा पहलवान तयार पार्ने जस्ता कार्य गर्नु नै उसको र भाइ भीम्हलीको मुख्य उद्देश्य हो । दश महिना कठोर तप गरेर ब्रह्माको मन जिती अमर बन्ने वरदान पाएको कारणले गर्दा पिताको आज्ञापालनका नाममा पापकर्म गरेका कारण यस महाकाव्यमा ऊ असत् पात्रका रूपमा प्रस्तुत भएको छ । ऊ सही र गलत अनि उचित र अनुचित थाहा भएर पनि पिताको आज्ञा नै सर्वोपरि ठानेर गलत र अनुचित काम गर्न हिचकिचाउँदैन । पिताको वचन पालन गर्न सम्पूर्ण ध्यान केन्द्रित गरेकोले उसको चेतना अन्धो छ । दसवन्त पिता वमरीको अति नै विश्वासिलो पात्र हो । वमरीको पत्यारिलो भएकै कारण ऊ पिताले बोलाउनासाथ आइपुग्छ । वमरीको विश्वासिलो पात्र बनेको दसवन्तले सत्य कुरा जानकारी गराउँदा पनि स्वीकार गर्दैन, उल्टै बम्किन्छ । भाइ झिँगुरीले बहिनी सतियाको विवाह मलसांवरसँग गराउन निम्ता दिएको कुरा पुष्टि भएको जानकारी गरायो र पिता वमरीलाई तत्काल तिलकको विधि पूरा गरिदिन अनुरोध गऱ्यो । उसको रायसल्लाह पिता वमरीले स्वीकार नगरेर ब्रह्मासँग अमर वरदान प्राप्त गरेको उसलाई नाना भाँतीको आरोप लगाएर कायर देखाउन खोज्यो । अमर बन्ने वरदान पाए पनि अन्यायलाई प्रोत्साहित गर्न लोरिकसँग लड्न जाँदा मारिने कुरामा विश्वस्त भएर पनि लड्न गएको छ । राजा (शासक) को यस्तो नचाहिँदो जिद्दीका कारण दसवन्त मारिएको पुष्टि हुन्छ । पिताको अनावश्यक आज्ञापालन गर्दा असम्भव मृत्युको वरदान

पाएको एउटा वीरको मरण यसरी पनि हुँदो रहेछ भन्ने यस लोकमहाकाव्यमा देखाइएको छ । समष्टिमा भन्नुपर्दा वीर दसवन्त सत्यको पक्ष लिन नसक्ने कर्तव्यच्युत र गैरजिम्मेवार पात्रका रूपमा यस महाकाव्यमा उपस्थित छ । सिलहटमा बसेर बाहिर देशको आक्रमण रोक्न तम्तयार बस्नुको सट्टा आफ्नो उत्तरदायित्व र कर्तव्यलाई भुलेर अत्याचारी पिताको अनावश्यक झमेलामा अमर हुने वरदान पाएको भाइलाई पनि ल्याएको छ । उसको सम्पूर्ण कार्य अनैतिकलाई प्रोत्साहित गरेको देखा पर्दछ । यस लोकमहाकाव्यमा उसको भूमिकाले कथावस्तुलाई शोकमय बनाउन मद्दत गरेको छ । लोकमहाकाव्यको दुःखद घटनालाई अघि बढाउन उसको भूमिका महत्त्वपूर्ण छ । पिताको आदेश पालन गर्न ऊ जस्तोसुकै युद्धमा सहभागी हुन तयार छ । उसको परिवारमा वियोग र मानसिक विचलन ल्याउन पिताको अनुचित आदेश पालन गर्नु दसवन्तको ठुलो कमजोरी हो । पिताको आदेशले भए पनि द्वन्द्व तथा सङ्घर्षको वातावरण तयार गरिदिएर कथानकको गतिलाई तीव्र बनाइएको छ । तुलनात्मक रूपमा उसले खलपात्रका रूपमा खेलेको भूमिका समसामयिक परिस्थितिअनुसार उचित ठहरिन्छ ।

**राजा निर्मल**

राजा निर्मलको भूमिका सत् पात्रका रूपमा देखिन्न । उसको उपस्थिति पाँचौँ खण्डमा छ । विजयपुरका राजा निर्मल विवाह गरेकी पत्नीलाई दोङ्गा विधि सम्पन्न गरी लिएर आउन लोहागांजर गएको छ । निर्मलको मामा मोलागत अत्याचारी छ, अगोरीको राजा महरलाई छलबलपूर्वक अपदस्त गरी राजा बनेको छ । अपदस्त राजा महरको घरमा छोरी मञ्जरी जन्मँदा सवाघडीसम्म सुनचाँदीको वर्षा भएका कारण भरखर न्वारन भएकी नवशिशुसँग विवाह गर्छु भनेर हातमा धागो जबरजस्ती बाँधिदिएको छ । राज्य शक्तिको आडमा राज्यका छोरीबुहारीको इज्जत लिने काम गर्छ । किशोरी अवस्थामा पुगेकी मञ्जरीको विवाह गउरको वीर लोरिकसँग भएको हुँदा महरले बिदा गरेर पठाएको डोली लुटेर ल्याउने दायित्व निर्मललाई सुम्पिन्छ । मामा मोलागतको षड्यन्त्रमा परेर बिच बाटोबाट नै निर्मल अगोरीमा आउँछ । यति मात्र नभएर लोरिककी विवाहिता पत्नी मञ्जरीको डोली खोसेर ल्याएर कामुक मोलागतको जिम्मा लगाउन लड्न तयार हुन्छ । निर्मल पनि ब्रह्मा भगवान्बाट वरदान पाएर अमर छ र संसार ध्वस्त पार्न सक्ने ५ ओटा शक्तिवाण–अग्निवाण पाएको छ । राज्य चलाउन छाडेर अत्याचारी कामुक मामाका लागि अर्काकी विवाहिता हरण गर्न दुस्साहस देखाउने कार्य सकारात्मक पक्ष होइन । जे होस् उसको भूमिका छोटो तर वीरतापूर्ण छ ।

**विजवा**

विजवा **लोरिकायन** लोकमहाकाव्यकी सहायक सत् नारी पात्र हो । ऊ यस महाकाव्यमा नायक लोरिकको उद्देश्य प्राप्त गर्ने साधनका रूपमा प्रस्तुत भएकी छ । सोहबलमा खेदु धोबीको घरमा जन्मिएकी विजवा बुद्धिमान्, कल्पनाशील, चतुर र साहसी छ । महाकाव्यमा उसको उपस्थिति पहिलो खण्डदेखि छ । महाकाव्यलाई लक्ष्यित उद्देश्यतर्फ उन्मुख गराउन विजवाको सबल भूमिका छ ।

जुन पात्रले कथानकमा नायकलाई साथ दिएको हुन्छ वा नायकको पछि लागेको हुन्छ, त्यसलाई सहायक पात्र भनिन्छ । प्रस्तुत महाकाव्यमा कथानकको प्रारम्भदेखि विजवा नायक लोरिकको समर्थनमा रहेकी छ । ऊ वमरीको अत्याचार समाप्त गर्न मलसांवर र सतिया मदियाइनको विवाह गराउने दिशाबोध गराएर आजीवन विवाह नगर्ने भनी बसेका मलसांवर

र सतियाको विवाह गराउन सफल भएकी छ । लोरिकले चनवालाई भगाएर हल्दी गएपछि विपत्तिमा परेको त्यस परिवारसँग गाउँका अरूले सम्बन्ध नराखे पनि विजवाले साथ दिएको छ । उसैको साहस, बुद्धि र चतुऱ्याइँले लोरिकको परिवारमा ठुलो अनिष्ट टरेको छ । शत्रुहरूले मञ्जरीको जेठाजुलाई मारेर सम्पूर्ण चल अचल सम्पत्ति लुटेर लगेका कारण विपन्न त्यस परिवारलाई सकेको सहयोग गुप्त रूपमा गरेकी छ । विपत्तिमा परेको लोरिकको परिवारलाई गाउँव्यवहारका कारण पति अजयीले सहयोग गर्न नचाहँदा कायरको संज्ञा दिएर भए पनि मनाउन सफल भएकी छ ।

राजा वमरी सोहबलकी कन्याहरूलाई विवाह गर्नबाट रोकेको थियो । विजवा पनि विवाह हुनबाट बचेकी थिई । सोहबलमा विजवाले राजा वमरीकी छोरी सतीया मदियाइनको लुगा धुने काम गर्थी । विजवाको व्यवहारबाट प्रभावित भएकी सतीयाले योग्य वर पाएपछि पिताको फरमान विरूद्ध खेदु धोबीलाई मनाएर अति गोप्य तरिकाले सोहवरमा गाई चराउने अजयी धोबीसँग विवाह गराई । विवाहपछि गउर गएकी विजवाको उत्साहपूर्ण कार्यकलापले गर्दा चरित्रमा नारीसुलभ कोमलता र आवश्यकता पर्दा पुरूषसुलभ वीरताको भावना भरिएको अनुभव हुन्छ । वस्तुतः यस महाकाव्यको निर्दिष्ट फल प्राप्तिका लागि विजवाको भूमिका निर्णायक छ । अपेक्षाकृत झल्याकझुलुक देखिए पनि फलप्राप्तिप्रति सक्रियताका साथ संलग्न रहेकी विजवाले प्रस्तुत महाकाव्यमा कतिपय पात्रका तुलनामा उत्कृष्ट भूमिका निर्वाह गरेको देखिन्छ ।

**जमुनी**

हल्दी बजारकी जमुनी **यस** महाकाव्यको सहायक सत् पात्र हो । महाकाव्यको छैठौँ र सातौँ खण्डमा मात्र देखा परेकी लोरिक र चनवालाई सहयोग गर्ने ज्यादै नै विश्वासिलो पात्र हो । हल्दीमा रक्सी बेच्दै गरेको देखिएकी जमुनी सहयोगी, शान्त र विचारशील देखिन्छे । चनवालाई भगाएर ल्याएको लोरिक नेवलापुर गएर त्यहाँका अत्याचारी राजा हरेवाले हल्दीका १,२०० युवालाई अनाहकमा थुनेर राखेको हुँदा तिनीहरूलाई मुक्त गराएर ल्याउने कुरा थाहा पाएर अब मारिने भो भन्ने चिन्ताले ज्यादै चिन्तित छ । उसले लोरिकलाई हल्दीमा कसरी सदा सदाका लागि रोकेर राख्न सकिन्छ भनी चिन्तन गरेकी छ । जमुनीले भनेपछि उसको लोग्ने महिचनले हल्दीका राजा महुअरीलाई सम्झाएर लोरिकलाई गाउँभरिको गाई चराउने काम पाउँछ । वीरताका कारण हल्दीको राजा बनेको लोरिक गउर प्रस्थान गर्दा आफूलाई केही जानकारी नगराएको कारण जमुनीले मन्त्र प्रहार गरी हल्दीको सीमाभन्दा बाहिर जान नसक्ने बनाइदिन्छ । जमुनी व्यवहारकुशल र सहयोगी पात्रका रूपमा देखिएकी छ । लोरिकको वीरता देखेर खुसी हुन्छ । जमुनीले ज्यादै छोटो अवधिमा पनि फल प्राप्तिमा निर्णायक भूमिका खेल्ने पताकास्थानक प्रतिभाको कार्यमा उसको निश्चित संलग्नता रहेकाले फलागममा अप्रत्यक्ष सहयोग उसबाट भएको छ । यसर्थ यस महाकाव्यको सहायक पात्र जमुनीलाई हल्दीबाट गउर जाने बेलामा त्यहाँका जनतालाई साक्षी राखेर राजपाठ हस्तान्तरण गरेको पाइन्छ ।

**वमरी**

वमरी यस महाकाव्यको खल पात्र हो । महाकाव्यको पहिलो र दोस्रो खण्डमा देखा परेको वमरी सोहबलको अत्याचारी राजा हो । उसको दसवन्त, भीम्हली, झैंगुरीजस्ता सात भाइ वीर छोरा र सतिया मदियाइन जस्ती सात छोरी छन् । आफूलाई कसैले ससुरा र छोरालाई सालो भन्न नपाओस् भनेर राज्यकी युवतीलाई फरमान जारी गरी विवाह गर्नबाट बलजफती

रोकेको छ । उसको यही हठका कारण ब्रह्माबाट अमरताको वरदान पाएको अति शक्तिशाली छोराहरू दसवन्त र भीम्हली मारिए । उसको हठले गर्दा सोहबलका सेनालाई लोरिकले सोतर बनायो । यस महाकाव्यमा उसले आफ्नो उत्तरदायित्व जनताप्रति नभएर नचाहिँदो हठी रूपमा देखा परेको छ । असल कार्य गर्ने मान्छे मात्र यहाँ जीवित रहनुपर्छ खराब काम गर्ने या खराब कामको पक्षमा उभिनेको विनाश हुन्छ । यो कुरा राजा वमरीबाट स्पष्ट हुन्छ । ज्यादै हठी र नकारात्मक पात्रका रूपमा राजा वमरी छ । कथानायक लोरिकले उसका वीर दुई छोरा र सेना मारिसकेपछि केही सीप नलागेर मलसांवरसँग छोरी सतिया मदियाइनको विवाह गराइदिन्छ । राजाको जीवन जनताको हकहितप्रति सहयोगी बन्नुपर्नेमा नचाहिँदो हठ पाली जनतालाई अन्याय गर्ने अत्याचारी राजाको भूमिका वमरीले खेलेको देखिन्छ ।

**मोलागत**

मोलागत **लोरिकायन** लोकमहाकाव्यको चौथो र पाँचौँ खण्डमा देखा परेको खलपात्र हो । यस महाकाव्यमा उसको अत्याचारी, दूराचारी, षड्यन्त्रकारीको भूमिका हुनाले ऊ खलपात्र हो । उसले अगोरीका राजा महरबाट षड्यन्त्रपूर्ण तरिकाले राज्य खोसेको देखा परेको छ । राज्यका छोरीबुहारीको इज्जतसँग खेल्नु उसले अधिकार ठानेको छ । यस्तो अन्याय पनि अगोरीका मानिसले चुप लागेर सहेको छन् । जन्मँदा सवाघडी सुनचाँदीको वर्षा भएको मञ्जरीसँग विवाह गर्छु भनी भरखर न्वारन भएकी शीशुको हातमा धागो बाँध्न ऊ जान्छ । उसको जीवन नै स्त्री भोगमा अडेको छ । गउरको अहिर लोरिकले मञ्जरी विवाह गरेर जिरउलमा बसेको थाहा पाएपछि दुलहीको डोली लुटेर दरबारमा भित्र्याउने षड्यन्त्र गरेको छ । आधा राज्य पाउने लोभमा मञ्जरीको डोली लुट्न गएको भटउल वरमपुरको रम्पा भाटको लोरिकले करङ खुस्काइदिएको छ । भवरानन्द नामको मत्ता हात्तीलाई मारिदिएको छ । करनी नाम गरेकी ढोइ हात्तीको सुँढ काटिदिएको छ । अत्याचारी दुराचारी राजा मोलागतको वीर भान्जा निर्मल पनि अन्तत मारिएको छ । लोरिकको हातबाट मोलागतको अन्त भएबाट दुराचारीका पक्षमा उभिँदा जस्तै वीरको पनि विनाश हुन्छ भन्ने पुष्टि भएको छ । षड्यन्त्रपूर्वक अपदस्त बनाइएको महर पुनः अगोरीको राजा बन्छ । स्त्रीलम्पट कामुक मोलागत मारिएपछि अगोरी शान्त बन्छ । समष्टिमा भन्नुपर्दा उसबाट अत्याचारी, दुराचारी र षड्यन्त्रकारी भूमिका निर्वाह भएको छ ।

**राजा हरेवा**

राजा हरेवा **लोरिकायन** लोकमहाकाव्यको छैठौँ खण्डमा मात्र देखा परेको खलपात्र हो । उसको भूमिका अत्याचारी राजाका रूपमा देखिएकोले ऊ खल पात्र हो । हल्दीका १२ सय युवा कामको खोजीमा उसको राज्य नेवलापुरमा आएको हुँदा लामो समयदेखि जेलमा थुनेर राखेको छ । आराध्य देवी जलपालाई पनि अत्याचारी शासन टिकाउने माध्यम बनाएको छ । उसको सुरक्षाको साधनमा कालो अरिङ्गाल, जहरिला कुकुर, महाजाल राखेबाट पनि उसको चरित्र बुझ्न सकिन्छ । अत्याचारी राजा हरेवाको साथ कुलदेवी वजपा र मन्त्री रङ्गुले छाडेका छन् । लोरिकको हातबाट अत्याचारी राजा हरेवाको शिरछेदन भई १२०० बन्दीको उद्धार भएबाट ऊ खलपात्र भएको बुझिन्छ ।

**जग्गु बनजारा**

जग्गु बनजारा घुमन्ते व्यापारी हो । ऊ प्रायः हल्दी बजारमा व्यापार गर्ने सयकडौँ गाडामा सामान पठाउँछ । यसबाट सो समयमा उसको कति हैसियत थियो भन्ने पुष्टि हुन्छ ।

महाकाव्यको कथानकसँग जग्गु बनजाराको घनिष्ठ र सिधा सम्बन्ध देखिन्न । महाकाव्यलाई लक्ष्यित उद्देश्यतर्फ उन्मुख गराउन उसको भूमिका निःसन्देश महत्त्वको छ । उ मलसांवरको मित्र हो । उसलाई व्यापार गर्न सामान ल्याउन लैजान चाहिने बलिया बाङ्गा गोरूहरू चाहिरहन्छ । मलसांवरको विवाह गराउन गएको जन्ती जब छलवश सोहबलको मोतीसगरघाटमा मारिए तब लोरिकलाई अति ठुलो सहयोग गरेबाट पनि उसको भूमिका बुझिन्छ । यस अर्थमा पनि प्रस्तुत महाकाव्यमा जग्गु बनजाराको स्थान महत्त्वपूर्ण छ । व्यापारका क्रममा देशविदेश गरिरहने जग्गु बनजाराले बोहामा पडाव राख्दा दयनीय अवस्थामा मञ्जरीलाई भेट्छ र सम्पूर्ण कुरा थाहा पाउँछ । जस्तालाई तस्तै भनेजस्तै कर्तव्य बिर्सिएर चनवालाई भगाएर हल्दीमा शासन गरी बसेको लोरिकलाई गउरको यथार्थ जानकारी गराएर घर जान पर्ने बोध गराउँछ । यथार्थ थाहा पाएपछि लोरिक गउर फर्किन्छ । समग्रमा भन्नुपर्दा घुमन्ते व्यापारी जग्गु बन्जाराको भूमिका सहयोगी सत् पात्रका रूपमा छ ।

**दुर्गा माता**

दुर्गा माता मानवेतर पात्र हुन् । महाकाव्यको दोस्रो खण्डदेखि अन्तसम्म उनको लोरिकसँग अटुट सम्बन्ध देखिन्छ । पृथ्वीमा आएकी सात बहिनी देवीमध्येकी एक देवी हुन् यिनी । पृथ्वीमा आएकी सात बहिनी देवीमध्ये कोही गजाधर, कोही प्रयाग, कोही पर्वतमा बसे । त्यहीँ तिनीहरू पुजिँदै आएका छन् । कुनै देवी माझीको साथ लागेर डुङ्गा चलाएर मानिसलाई सहयोग पुऱ्याइरहेका छन् । कोही ब्राह्मणको साथ लागेर पात्रो पढ्न सहयोग गर्दै आएका छन् । दुर्गा माता र वनसती माताले कहाँ जाने भन्ने मेलो नपाएको हुँदा घुम्दै फिर्दै गाईको बथान भएको बोहा पुगे । लोरिकको दाजु मलसांवरले स्वागतसत्कार गरी गाईको दुध जति खुवाउँदा पनि दुर्गा माताको पेट भरिएन । तब लोरिकले दाहिने तिघ्रा चिरेर अघाउन्जेल रगत खान दिए । त्यसपछि मात्र दुर्गा माताको पेट भरियो । तब दुर्गा माताले भनेकी थिइन्, 'ए लोरिक जहाँ तेरो पसिना खस्छ त्यहाँ म रगत बगाइदिन्छु ।'

हुन पनि हो यस महाकाव्यमा दुर्गा माताको सहयोग पाएर नै लोरिक नायक बन्न सकेको यथार्थ हो । त्यही मानिस रिसाएको सुहाउँछ जसले बढी माया गर्छ । लोरिकको मन बढेको हुँदा दुर्गा माता रिसाएको प्रसङ्ग पनि बडो रोचक छ । साथमा रहेकी वनसती बहिनीले सम्झाएपछि दुर्गा माता पुनः लोरिकको पक्षमा आएबाट यस महाकाव्यमा मानवेतर पात्रका रूपमा दुर्गा माताको फलागमप्रतिको कार्य पुष्टि हुन्छ ।

**मंगर घोडा**

मंगर घोडा लोरिकको सहयोगी हो । मंगर घोडाको गहिरो सम्बन्ध कथानकसँग छ । यो नेउरापुरको लिलिया घोडीको छोरा हो । पंच कल्यानी घोडाको सन्तान हो । यो जन्मँदा पण्डितहरूले राजा हरेवालाई भनेका थिए, 'घोडा नेउरापुरमा बाँच्यो भने राजा मारिने छ ।' भरखर जन्मिएको मंगर घोडालाई नाङ्गो तरबार लिएर मार्न आएको राजा हरेवालाई बाटोमा रानीले सम्झाएकी हुँदा बढईलाई बोलाएर काठको बाकस बनाउन लगाएर त्यसमा राखेर डुबोस् भन्ने कामना गरी नदीको बिच धारमा बगाइदिएको थियो । घोडा बग्दै बग्दै हल्दीमा आयो । तब राजा महुअरीले बाकस समात्न लगाएर खोलेपछि घोडाको उद्धार भयो । जब मंगर घोडा जवान भयो, राजा महुअरीले मुखमा लगाउन सुनको लगाम, पिठ्युँ सुहाउँदो काठी, गोडामा बाँध्न घुघुरु, पुच्छरमा मुगामोतीले सजाएर साइत निकालेर सवार हुन चाह्यो । आफू योग्य

सवार नपाएको हुँदा मंगर घोडाले दाँतले टोक्न र लातले हान्न थाल्यो । अन्ततः घोडालाई खाल्डोमा खसालेर मुखमा ताला झुन्ड्याइदियो । युद्ध गर्न नेउरापुर जान चाहेको लोरिक आफू जस्तै वीर घोडाको खोजीमा थियो । अन्ततः लोरिकका लागि जन्म लिएको मंगर घोडाका कारण लोरिकले नेउरापुरको लडाइँ जित्यो । सिरसापुरमा लोरिकको ज्यान बाँच्यो । लोरिकलाई निकै सहयोग पुगाएको मंगर घोडा मान्छेजस्तो बोल्ने मात्र होइन आकाशमा उड्न पनि सक्थ्यो । मंगर घोडाले आफ्नो वीरता नेउरापुरको लडाइँमा राजा हरेवाको सेना ध्वस्त पारेर देखाएको थियो । उसले मानवेतर पात्रका रूपमा निर्वाह गरेको भूमिकालाई हेर्दा सुहाउँदो देखिन्छ । तसर्थ मानवेतर पात्रका रूपमा मंगर घोडाको भूमिका प्रभावकारी र उपयुक्त छ । कार्यमूल्यका दृष्टिले भूमिका भएका, नभएका, गौण तथा नामोच्चारण गरिएका अजयी धोबी, सिरसापुरका राजा करनी, झैँगुरी, टिकाई, अगोरीका अपदस्त राजा महर, हल्दीका राजा महुअर, हरदोइ नाग, कुनुपी, खेदु धोबी, देवसी, नोनवां, भिम्हली, रङ्गुबारी, खोइलन, गांगी, वनसतीदेवी, बंठा चमार, सतिया मदाइनलगायत अन्य पात्र पनि यस लोकमहाकाव्यमा छन् । तिनीहरूको उपस्थिति नभएको भए यस महाकाव्यको मूल कथा अगाडि बढ्न सक्ने थिएन ।

## ५. निष्कर्ष

**लोरिकायन** लोकमहाकाव्यमा अहिर जातिका वीर लोरिकको वीरता मूल कथ्यका रूपमा छ । प्रमुख शत्रुको अन्याय, अत्याचार र व्यभिचार ध्वस्त पारिनुले लोकगायकले स्रोतामा कुनै किसिमको व्यभिचार र अत्याचार टिक्न नसक्ने विचार प्रतीकात्मक रूपमा प्रकट गरेका छन् । विवाहिता पत्नी हुँदाहुँदै अर्कैकी विवाहितासँग भाग्नुले सो समयमा बहुविवाह र पोइल जाने प्रचलन रहेको देखिन्छ । समाजमा दूषित वृत्तिका मात्र होइन सरल, स्वच्छ र निश्छल व्यवहार भएका ग्रामीण रहेको स्पष्ट सङ्केत यस लोकमहाकाव्यमा छ । मौका पाउनासाथ इज्जत र धनमाल लुट्न पछि नपर्ने कुरा घटनाहरूबाट प्रष्ट हुन्छ । जन्मेपछि मर्नुपर्छ, वीरको पनि अन्त हुन्छ र कपटपूर्ण तरिकाले भए पनि वीरलाई मारी छाड्दा रहेछन् भन्ने स्पष्ट हुन्छ ।

**सन्दर्भसूची**

गिरी, शीतल (२०६३) **प्रसङ्गवश**, रौतहट : रश्मि प्रकाशन समूह, गौर ।

गिरी, शीतल (२०७०) **बज्जि र बज्जिका**, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गिरी, शीतल (२०८१) **बज्जि संस्कृतिमा लोरिकायन**, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान । (अप्रकाशित अनुसन्धान)

गुप्त, माताप्रसाद (सन् १९६८) चांदायन, आगरा : प्रामाणिक प्रकाशन, भारत ।

दास, श्रीकृष्ण (सन् २०१३) **लोक गीतौं की सामाजिक व्याख्या**, इलाहावाद : साहित्य भवन प्राइवेट लिमीटेड, भारत ।

**काठमाडौँमा शब्दाङ्कुर पाइने ठाउँ**

**अक्षरधाम प्रकाशन, बागबजार**

**सम्पर्क : ०१–५९२२७०७/९८६००५६०५२/९८५११५७१९३**

akshardhamprakashan@gmail.com | akshardham.com.np

समालोचना

# विद्रोही साहित्यकार गोपालप्रसाद रिमाल : आधुनिक चेतनाका वाहक



प्रा. डा. बन्धु कोइराला

म राक्षसहरूलाई आँशुले छकाएर तिनीहरूको काल पत्ता लगाइदिन्छु
तिमी तिनीहरूलाई मार मलाई हर

(सान्त्वना)

म क्रान्तिको भोको छु
क्रान्तिले मेरो छाक टार्न मात्र बाँकी छ

(मेरो प्रेमको कथा)

आमा त्यो आउँछ र
हो वा त्यो आउँछ
त्यो बिहानको सूर्यझैँ उज्यालो छर्दै आउँछ
त्यसको कम्मरमा झुन्डिएको, शितजस्तै टल्कने
तिमी एक हतियार देख्ने छौ
त्यसैले ऊ अधर्मसित लड्ने छ
त्यो आउँदा तिमी पहिले सपना हो कि भनेर
छामछुम गर्ने छौ, तर त्यो हिउँ र आगोभन्दा पनि बढ्दा छोइने भएर आउने छ

(आमाको सपना)

यहाँ स्पष्ट गर्भाधान हुनुपर्छ
यहाँ बुद्ध जन्माउनुपर्छ
यहाँ लेनिन जन्माउनुपर्छ

'प्रति'जस्ता कविताका साथै नेपाली नाट्यकलामा विशिष्ट स्थान प्राप्त गरेका नेपाली गद्य कविताका शिरोमणि गोपालप्रसाद रिमालका साहित्यिक उन्नयनका क्षेत्रमा संलग्न महान् गद्य( कवि एवं आधुनिक नाटककार रिमालका सम्बन्धमा नौलो नेपालीले गर्न लागेको काम स्वयम्मा उल्लेखनीय हुने कुरामा मेरो विश्वास छ ।

१९९७ सालपछि युवा जागरणका कवि रिमालले लेखेका भजन र भक्ति जो पशुपति, गुह्येश्वरी र शोभाभगवतीमा प्रार्थनाका रूपमा गाइने गर्दथ्यो । ती हुन् –

म गर्छु देश सेवा बल देऊ लौ मलाई
मबाट होस् सबैको आनन्द हो भलाइ
तिम्रै गरी पुकारा अर्पण गरेर भेटी
ए शम्भु वा देवी लौ मलाई बल देऊ

* * *

बखत भयो यही हो बेला नजर उघारी हेरी देऊ

त्यो दिलबाट तमस हटाई उज्यालो हावा फैलाइदेऊ
जो देख्छौ हालत भित्री तहको तिमीलाई अन्य भनौँ म कसरी ?
जो सुन्छौ आवाज भित्री मनको तिमीलाई बैरी भनौँ म कसरी ?
हे देवी दुर्गे जगत्की माता आमा पुकार हाम्रो सुनिदेऊ
हामी नेपाली हाम्रो यो भाव सबमा फिँजाइदेऊ

यस प्रार्थना सभामा रिमालको नेतृत्वमा मल्ल, गोठाले, लामिछानेलगायत युवाहरू सामेल हुन्थे । त्यसमा प्रशासन वा सरकारले कुनै शङ्का गर्ने ठाउँ थिएन । एकातिर रिमालहरू यस्तो प्रार्थना सभामा हुन्थे भने अर्कोतर्फ यस्ता कविता पनि लेख्थे –

मेरो अँगालो हार हार्नेका निम्ति होइन
मेरो जय माला विजेताका निम्ति मात्र हो

(सान्त्वना)

कति गहिरो मार्मिक सन्देश छ क्रान्तिमा जानेहरूका लागि ।

रिमालका नाटक हेरौँ –

'मसान' र 'यो प्रेम !' मासु र यौवनको पिपासामा पुरुष र तिनीहरूप्रति नारीको मातृत्वको हुङ्कार पाइन्छ भने 'माया'मा गएर नारीको नारीप्रति स्वाभाविक ईर्ष्या र पुरुषको नारीप्रतिको वास्तविक प्रेमलाई छर्लङ्ग्याइएको छ । 'मसान'मा युवती (हेलेन) लाई औषधी खुवाएर उसको मातृत्वको हरियालीलाई आगो लगाउने कृष्णले दुलहीलाई प्रेम नदिई दुई नारीको जीवनलाई निरसिलो पारिदिने मात्र होइन, दुलहीलाई त्यसै कारणबाट तड्पाएर चिन्तामा डुबाएर मार्छ अर्थात् छोरा पाइदिन ल्याएकी दुलही खास गरेर उसकै कारण मर्छे । यो प्रेममा भने प्रेमको नाममा शेखर आफ्नी तरुनी स्वास्नी हुँदाहुँदै गंगालाई प्रेम गर्दै हिँड्छ, बिहे गर्दैन बरु आफ्नी पत्नीलाई देखावटी नक्कली प्रेम गर्दै तड्पाएर मार्छ । गंगा पनि आफ्ना पति आफ्नो शेखरसँगको प्रेम थाहा पाएर नै मरेको ठान्दै प्रेमका विरूद्ध छोराको निम्ति सङ्घर्ष गर्छे । 'माया'मा सासू र विधवा नन्दको ईर्ष्याका कारण सौता हुल्ने उनीहरूको प्रयासलाई मुरारीले स्वीकार गर्दैन, न त माया सौता नहाल्नका निम्ति अनुरोध गरेर नारीको गरिमा घटाउन नै चाहन्छे ।

प्रेमको विकृत रूप 'मसान' हो । परिपुष्ट शरीर र यौनको उपभोग नै प्रेम सम्झने कृष्ण यौन चेतना र त्यसको तृप्ति हृदयभरि बोकेर हिँड्छ तर हेलेन (युवती) मातृत्वको ननिभ्ने ज्वाला लिएर हिँड्छे, यसमा यौन आस्वाद र मातृत्वका रहरको अन्तर्द्वन्द्व छ । 'यो प्रेम !'की गंगा भने सुरुमा भावुक भएर प्लेटोनिक प्रेममा ग्रस्त भए पनि उसको मातृत्व बिउँझिएपछि जङ्गली प्रेम विकृत प्रेमका विरूद्ध (जसले गर्दा शेखरकी दुलही र गंगाका लोग्ने मरे) सशक्त हुङ्कार गर्छे । छोरामा आत्मदर्शन गरेर आफ्नो मातागत् ममता र अस्तित्व बुझेपछि प्रेमका नाममा वासना र भावुक प्रेमको विरोध गरी ढोका बन्द गरिदिन्छे जसबाट बहिनी र ऊ बदमासी गर्ने परम्पराबाट जोगिई वास्तविक बाटोमा फर्किन्छन् । भावुक प्रेम र मातृत्वको अन्तर्द्वन्द्व नै 'यो प्रेम'को प्रमुख पक्ष हो । 'माया' चाहिँ पुरुषको राम्रो पक्षबाट प्रभावित भएकी छे तैपनि नारीको स्वाबलम्बनको निम्ति, अहम्को निम्ति सचेष्ट छे । रिमालका विचारमा भावुक वा निष्कारण अव्याख्येय प्रेम, प्रेमको वास्तविक रूप होइन– न त हो जङ्गली अथवा प्रकृत सहज रूप नै । प्रेम त हिराझैँ कुँदिनुपर्छ, सुनझैँ खारिनुपर्छ । यो सहज निष्कारण 'देव' होइन किनभने

यस्तो प्रेम अन्धो प्रदर्शक (गाइड) हुन्छ– शेक्सपियरअनुसार ।

बर्नाड साले चाहे झैँ रिमालका नाटक अन्तर्द्वन्द्वमय छन् । सेक्सपियर परम्पराका समका उच्च पद्यात्मक आलङ्कारिकभन्दा वा तिवारीका आदर्शवादीभन्दा स्तरीय छन् रिमालका नाटक । पछिका गोठाले, विजय आदिलाई उनी सोही परम्पराका अनुयायी बनाउँछन् । हृदयचन्द्रले भने झैँ नेपालीमा निस्केको सर्वोच्च नाटक 'मसान' हो । शैलीगत सरलता, यथार्थवादिता, सङ्कलन त्रयको निर्वाह र शिल्पगत विशेषता यी सबैले गर्दा रिमालका नाटक विशिष्ट स्थान ओगट्न पुग्छन् नेपाली नाट्य परम्परामा । चाहे 'मसान' होस् वा 'यो प्रेम !' दुवैले नारी समस्यालाई बौद्धिक रूपमा प्रस्तुत गरेका छन् । 'माया'ले बालविवाह रोक्न र पुनर्विवाह गर्न पाउनुपर्ने आवश्यकतामा जोड दिएको छ ।

**रिमालका नाटकमा विद्रोह :**

'म यो मसानमा एकछिन पनि टिक्न सक्तिनँ । यो घरमा स्वास्नी मानिसहरूको ज्यूँदै दागबत्ती दिँदोरहेछ ।'

'बिना कसुरमा निर्भय भएर सजाय दिने अधिकार त तपाईंहरू (पुरुष) लाई पो छ त ।
हामी त कसुरदारलाई पनि सजाय दिन पाउन्नौँ ।'

'जो आमाहरूको अस्तित्व गुमेको बहिनीहरूको बिचल्ली भएको हात बाँधेर टुलुटुलु हेर्न सक्छ, त्यस्ता नामर्दको विश्वास ?'

'आफूलाई जे गरे पनि हुने अधिकार, अर्कालाई बिराउनै नहुने कर्तव्य, यो कहाँको न्याय हो ?'

'यो लोग्ने मान्छेको जातलाई मासुको थुप्रो भए पुग्दो रहेछ ।' (मसान)

'हामीलाई सती तुल्याएर पाए भने जिउँदै आगोमा हाल्न खोज्ने यस्तैहरू हुन् ।'

'यो लड्न नपाउँदै हार मान्नुपर्ने जस्तो सहनै नसकिने दुःख यो संसारमा छैन ।'

'भैँचालो त जानैपर्छ... नयाँ सहर, नयाँ सडक त बन्छ... नयाँ भावना त जन्मिन्छ मनभित्र । हाम्रो यो खल्बलिएको गिदी त मिल्न आउँछ टम्म भएर– हामी अर्धसिल्लीहरूको ।' (यो प्रेम !)

'दयनीय हुनु सबभन्दा ठुलो पाप ।'

'अर्काको दयामा आफू हराएको पत्तो हुँदैन ।'

'लोग्ने छोराले रोजी रोजी हिँड्ने होइन रोजिनु पर्दछ, रोजिनु पुरुषार्थ हो ।'

'म त्यो आफै पाउन सक्छु, जैलेसुकै पनि आज नभए भोलि, भोलि नभए पर्सि ।' ...... आदि ।

क्रान्तिका कवि रिमाललाई वाल्ट हिटम्यानसँग तुलना गरौँ त –

'तिमीमा गर्भाधान गरिने
मेरा यी सन्तानहरूले स्वयं पनि सन्तान जन्माउने छन्
मेरा प्रेम–लीलाहरूको भुक्तानी स्वरूप
म माग गर्छु
पूर्ण नर र नारीहरू'

(वाल्ट ह्विटम्यान)

'म सिकाउने छु सकें भने
ढुङ्गा मुढाहरूलाई पनि उठ्नको निमित्त
धर्तीका तानाशाहहरूका विरूद्ध'

(सेली)

'हेरौला त्यो हुरी भएर आउने छ
तिमी पात भएर पछ्याउने छौ'

(रिमाल)

क्रान्तिका लागि मरिमेट्ने पनि सहज संवेद्य, सार्वलौकिक, सार्वकालिक रिमाल सफल गद्य कवि हुन् । यद्यपि गद्य कविताको चर्चा गर्नेबित्तिकै नेपालको वाल्ट ह्विटम्यान भन्ने कुरा उठिहाल्छ । रिमालभन्दा अघि अरूले गद्य कविता लेखेको पाइए तापनि त्यसको उत्कर्ष रूप रिमाल नै भन्ने प्रमाणित छ - प्रथम प्रयोक्ता । यसैले म त्यता आकर्षित भएको छु ।

रिमाललाई ह्विटम्यानका सन्दर्भमा हेर्दा उनको सन् १८४५ को कवितासङ्ग्रह **घाँसका पातहरू** उल्लेख्य छ । लेख, कथा, उपन्यास, निबन्ध, कविता लेख्ने उनी कट्टर प्रजातन्त्रवादी थिए । राजनैतिक संस्था वा दलगत दर्शनलाई प्रधानता नदिने उनी मानवतावादको स्थापनामा तल्लीन थिए । परम्पराको विरोध गर्ने 'आमा' कवितामा यौनको स्वाभाविक प्रस्तुति, लोग्ने र स्वास्नीमान्छेको समानता जस्ता कुरा पाइन्छ । रिमालको बुद्ध र लेनिनलाई अमर पुरूष ठाने झैँ लिङ्कनलाई प्रजातन्त्रका आदर्श पुरूष ठह्याउँछन् । विपन्न घरमा जन्मेका यिनका बाबु अङ्ग्रेज र आमा डच थिइन् । अखबार सम्पादन गर्दा यिनले जनतन्त्रीय लक्ष्य राख्दै उक्त सम्पादकीय लेखे । गद्य कविताको प्रथम संस्करण निस्कँदा उनलाई हुलदंगाबाज भनियो । यिनका कविता कस्ता छन् भने :

'अब म सौभाग्य मान्दिन- म आफै सौभाग्य हुँ
अब म रून्चे हुन्न, भोलि भोलि गर्दिनँ, केही चाहन्न
बलियो र सन्तोषी भएर खुल्ला सडकमा हिँड्छु ।
पृथ्वी नै मेरो लागि यथेष्ठ छ
मलाई नक्षत्र पुञ्जले आउन पर्दैन ।'

(खुल्ला सडकको गीतबाट)

'हे किनारहरू हो ! खुसीले कराऊ, ए घण्टाहरू हो ! घन्क
तर म चाहिँ शोकसाथ पाइला साच्छु
मेरो कप्तान सुतेतिर
मेरो कप्तान मृत ! चिसै भएतिर...'

कवि रिमाललाई उनको अस्वस्थताको कविता र साहित्यका अन्य विधाको सिर्जनाका आधारमा नेपाली समाजमा चेतनाको उद्घोषकका रूपमा लिनुपर्ने हुन्छ ।

(drbandhu1@gmail.com)

## पुस्तकालयलाई सूचना

प्रत्येक महिना हामीलाई उपलब्ध भएसम्मका पुस्तकालयको हुलाकी ठेगानामा शब्दाङ्कुरलाई निःशुल्क पठाउने गरेका छौं । यसरी पठाइएका पत्रिका प्राप्त भएका पुस्तकालयले कृपया प्राप्तिको सूचना दिनुभए यस कार्यलाई निरन्तरता दिन सहज हुने थियो । साथै **शब्दाङ्कुर** प्राप्त गर्न चाहने पुस्तकालयले हुलाकी ठेगाना उपलब्ध गराए निःशुल्क रूपमा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्छौं ।

**शब्दाङ्कुर परिवार**

समीक्षा

# कवि अस्मिता विष्टको 'ब्लाकहोलमा गीतहरू'को अन्तर्वस्तु

लक्ष्मीकृष्ण श्रेष्ठ
(धरान, सुनसरी)

प्राध्यापन पेसामा आबद्ध कवि अस्मिता विष्टको **ब्लाकहोलमा कविताहरू** (कवितासङ्ग्रह) हालै प्रकाशनमा आएको छ । ४५ कविताको सङ्ग्रहमा अधिकांश कविता प्रेमभावसँग सम्बन्धित छन् । त्यसका अतिरिक्त, सामाजिक विसङ्गति, बाआमाप्रतिको श्रद्धाभाव, देशप्रेम, नारीवादी चिन्तन, सांस्कृतिक विद्रोहजस्ता विविध विषयका कविता समेटिएका छन् ।

कविता शब्दको व्युत्पादनका आधारमा भन्ने हो भने कविको कर्म नै कविता हो । अर्थात् कविले लेखेको कुरा नै कविता हो । कविले कविता कस्तो अवस्थामा सिर्जना गर्छ ? कवि विष्टको विचारमा चेतन अवस्थामा नहुँदा कविले कविता लेख्छ । मनोवैज्ञानिकहरू पनि अवचेतन मनमा गुम्सिएर रहेका भावविचारको निकास साहित्यमा हुन्छ भन्छन् । सिङ्गो कवितासङ्ग्रह पढिसक्दा लाग्छ, कवि विष्टका अवचेतनमा बसेका प्रणयभाव यिनै कविताहरूमा पोखिएको छ ।

फागु रङको पर्व, त्यसै पनि उमङ्गको पर्व हो । वसन्त पञ्चमीमा राधा श्रीकृष्णलाई फागु पूर्णिमाका दिन होली खेल्न निम्तो दिन्छिन् । राधासँग श्रीकृष्णले खेलेको होली धार्मिक दृष्टिले मात्र नभई मायाप्रेम र उमङ्गको पर्व पनि हो । तराईमा मदन अर्थात् कामदेवको पूजाबाट आरम्भ हुने भएकाले यसलाई मदनोत्सवका रूपमा पनि मनाइन्छ । त्यसैले यो पर्व प्रेमीप्रेमिकाका लागि स्वच्छन्द रूपमा खुसी बाँड्ने पर्व पनि हो । यही प्रसङ्गलाई 'तिम्रो आगमनमा' यसरी व्यक्त गर्छिन् :

> तिम्रो आगमनलाई
> पर्खिरहन्छन् प्रेमका पारखीहरू
> आफ्ना लाग्ने हातहरू
> जसले मुठ्याऊन्
> एकमुठी रङ्गीन खुसी
> र पोतदिऊन् गालाभरि
> मायाका रङ्गहरू

कवि विष्ट प्रकृतिलाई जीवनको अभिन्न अङ्ग ठान्छिन् । जीवनका हरेक क्रियाकलाप प्रकृतिकै सामीप्यमा खोज्छिन् । उनको प्रकृतिलाई मानवीकरण गर्ने शैली झन् सुन्दर छ, 'सम्झनाको धागामा उनेर'मा उनी भन्छिन् :

> जगमगाउँदै तारा भएर
> गिज्याइरहन्छन् तिम्रा यादहरूले
> म रात भएपछि
> देखिन छोडेको छ
> गुलाफको रङ्ग

स्नखमा लस्सिँदै माया साट्न् सुनाखरी
सूर्यसँगै मस्किरहने सूर्यमुखी ।

'प्रेम वर्षामा स्नभिरहेका हामी' पढ्दा लाग्छ, कविताका नायकनायिका बर्सौंदेखि प्रेमका भोका छन्, उनीहरू प्रेमको वर्षामा यसरी स्नभिरहन चाहन्छन् जसरी खडेरीपछिको भरीमा खुसीले स्नभिरहेको किसान होस् । उनीहरूका हरेक क्रियाकलापमा प्रकृति साक्षी बनोस्, कविको इच्छा छ :

युगौंदेखि
खरानीको पत्रमा चेपिएको आगो
अनायासै बनेको बखत
प्रदीप्त हुन्छ जब सन्तुष्टिमा उसको मुहार
ए गुलाफ !
तिमी ढकमक्क फुल्नू मेरो देहभरि
फैलाउनू चरम सुगन्ध मायाको...

कविलाई शाश्वत प्रेममा विश्वास छ । दैहिक प्रेममा अल्मलिनेहरू जीवनभर अश्वत्थामाले झैँ श्रापित जीवन बिताउँछन् भन्ने लाग्छ । 'ह्वाट्सएपमा अश्वत्थामाको मेसेज कविता'मा कविको यही भाव अभिव्यक्त भएको छ । पहिलो प्रेम प्रिय हुन्छ, जसलाई सम्झँदा पनि मन प्रफुल्लित हुन्छ । 'बैंस फुलेको साँझ'मा कविद्वारा व्यक्त भावले पनि यही कुरा प्रस्ट पार्छ :

ढल्न लागेको
साँझजस्तो मेरो जीवनमा
उसले बिहानीजस्तो यौवन फुलायो

'नीरमायाहरू', 'यौवनका चराहरू', 'गलैँचीका फूल', 'प्रेमको फूल,' 'सुस्तरी खसेर हिउँफूलहरूमा', 'एक सर्को उज्यालो', 'सहअस्तित्व', 'दुश्मन प्रेमीको छातीमा', 'तिमी आउनू' जस्ता थुप्रै कविताहरू छन् जसले प्रेमका मधुर गीत गाउँछन् । काँडैकाँडा भएको क्याक्टसले पनि पिरतीको फूल उमार्न सक्ने क्षमता राख्ने कविको विश्वास 'प्रेमको फूल,' कवितामा यसरी प्रस्तुत भएको छ :

साकार प्रेमको मृगतृष्णामा बाँचिरहेको
एउटा क्याक्टस रेटिएको पीडामा
प्रेमको अहम् भर्छ
र फुलाउँछ जसोतसो
पिरतीको फूल

प्रेम जीवनमुखी हुन्छ, त्यसैले जीवनका निराशाहरूलाई प्रेमले नै मेट्न सकिने कविको विश्वास 'सुस्तरी खसेर हिउँफूलहरूमा'मा यसरी अभिव्यक्त भएको छ :

हिजोआज
पगालिरहन्छु म
मायाको रापले त्यही हिमताल
सिनित्त पन्छाउँछु निराशाका लेउहरू...

कविलाई शाश्वत प्रेममा विश्वास छ । द्वापर युगमा राधा र श्रीकृष्णबिच मिलन भएन । तापनि

उनीहरूको निस्स्वार्थ त्यागमा आधारित प्रेमलाई आदर्श प्रेमको नमुना मानिन्छ । तर कलियुगको कृष्णले दैहिक प्रेममा विश्वास राख्ने बदनाम प्रेमीको विम्ब बोकेको छ । कविले 'कलियुगको कृष्ण' कवितामा कविले त्यस्ता कृष्णलाई यसरी व्यङ्ग्यात्मक प्रश्न गर्छिन् :

तिम्रा अनगिन्ती प्रेयसीले बगाएको आँसु
तिम्रो फलामझैँ हृदय छुन्छ कि छुन्न ?
सोध्न मन लागेको छ
हे कलियुगका कृष्ण !
के तिम्रो हृदयको कोमलता
पोलिएर वासनाको भट्टीमा भएकै हो मत्थर ?
कि क्रूरताको कोलमा रातदिन
निख्रिएकै हो प्रेमको प्रत्येक बुँद ?

यस सङ्ग्रहमा देखिएको अर्को सबल पक्ष आफ्ना बाआमाप्रति कविको श्रद्धाभाव हो । ' जीवन गीत', 'बाको रहर', 'बिदाइ आमा', 'सम्झनाको तोरणमा टाँगिएका बा' यस्तै कविताका उदाहरण हुन् । जन्म दिने आमालाई गुमाउनुपर्दाको पीडा र आमासँगै हराउने खुसीलाई ' बिदाइ आमा'मा कवि यसरी व्यक्त गर्छिन् :

तिम्रो बहिर्गमनसँगै हराए
चाडबाडका उमङ्ग
दशैँको बासना
तीजको दर
बेपत्ता भए
आर्शीवचन, मायालु निम्तो कोसेलीपात ।

सन्तानको लालनपालनमा बाबुले दिनरात खटिँदाको बाबुको अवस्थाबारे कवि भन्छिन् :

टाइम नदिने मान्छेको ट्याग लगाउँदै गर्दा
के थाहा थियो तिमीलाई
ओभर टाइमको ड्युटीले थिचिएर
नार्दै छ तिम्रो बा जिन्दगीको बन्जर खेतबारीमा
बुढो गोरुझैँ मेहेनतको हलो ?

नेपाल विभिन्न जातजातिको साझा फूलबारी हो । तर कसैले अरू जातिको चाडपर्वका कारण आफ्नो चाडपर्व, संस्कार, रीतिथिति कमजोर भएको महसुस गर्न सक्छन् भन्ने कविलाई लाग्छ । यसलाई मनन गरी सामाधान खोजिनुपर्ने भाव 'आगोको बीउ'मा व्यक्त छ ।

पितृसत्तात्मक समाजमा नारीको सधैँ अवमूल्यन हुन्छ । तर सहनशील नारीको पहिचानको स्थानमा आफ्नो विद्रोही पहिचान विनिर्माण गर्न नारी तयार भइसकेको भाव कविको 'विनिर्मित पहिचान'का यी पङ्क्तिबाट प्रस्ट हुन्छ :

तिमीले मलाई
पृथ्वी भन्यौ
मैले हस् भनेँ

समेटिरहेँ आफूभित्र
तिम्रा कुण्ठा, आवेग र उत्तेजना...
तिमीले खुम्च्याएको
भूगोल होइन
हुँ बरु आकाश
तिम्रो राज्यसत्तामा जोगाइराखेको
खोक्रो पुरुषार्थलाई
निमेषभरमै
विलिन गराइदिने
हुँ असीमित आयतन ।

अचेल गाउँघर पहिलेजस्तो रहेन । नेपालका गाउँ गाउँमा बाटो त पुग्यो, त्यही बाटो उपयोग गर्दै रोजगारीको खोजीका लागि युवाहरू बिदेसिए । बलात्कृत चेलीलाई संरक्षण गर्न कानुन असमर्थ भएपछि उनीहरूले पनि गाउँ छाडे । गाउँमा मलामी पाउन गाह्रो छ । गाउँघरका खेतबारी बाँझै छ । गाउँ गाउँ जस्तै रहेन । अब गाउँलेहरू दैनिक अन्नपातका लागि डिपार्टमेन्ट स्टोरमा भर पर्नु साह्रै विडम्बनापूर्ण छ । त्यही विसङ्गतिलाई 'गाउँमा खुलेको डिपार्टमेन्ट स्टोर'मा प्रस्ट पारिएको छ । गाउँघरको तस्बिर कहालीलाग्दो छ । कविले देखेको गाउँघरको अवस्था ज्यादै मार्मिक छ :

घिसार्न थाले बुढाहरू घाटतिर
आफ्नै मृत देह
रोगले थलिएकी आमा
रित्तिएको घरको फोहोर ओछ्यानमा
रेट्दै छिन् आफ्नै घाँटी

तर आशा अझै मरेको छैन । युवाहरू खेतबारीको आवाज सुन्ने छन् भन्ने विश्वास छ कविलाई । त्यसैले त उनको विश्वास कवितामा यसरी व्यक्त भएको छ :

हिजोआज गाउँमा
खोजिरहेछन् बाँझा बारीहरू
कोदाली समाउने हात
आँसु खसाल्दै हेर्दै छ
गाउँमा भर्खर खुलेको डिपार्टमेन्ट स्टोर ।

कवि अस्मिताको यस कवितासङ्ग्रह पढिसक्दा प्रेमको शाश्वत रूप, पारिवारिक सम्बन्धदेखि वर्तमान नेपाली समाजको तस्बिर प्रस्ट हुन्छ । अङ्ग्रेजी भाषामा विद्यावारिधि गरेकी कवि विष्टको नेपाली भाषामा उत्तिकै पहुँच रहेको प्रमाण उनीबाट सिर्जित यस सङ्ग्रहका कविताहरू हुन् । यहाँ स्वाभाविक विम्बपरक अभिव्यक्तिमा उनको सामर्थ्य प्रशंसनीय छ ।

अन्त्यमा समालोचक अभि सुवेदीका यी भनाइले कवि विष्टको उचित मूल्याङ्कन गरेको छ, '...अस्मिताका कवितामा प्रयुक्त भाषा अनि सम्बोधित पात्र र कविको निजत्व सम्बन्ध उजागर गर्ने प्रयोगले उनलाई नेपाली कविताको फाँटमा आफ्नै धार बनाएर लेख्ने कविका रूपमा चिनाउन सक्छ ।'

# वैदेशिक रोजगारमा जानेले घरमा छाड्नुपर्ने कागजात

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि,
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- बिमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,
- वैदेशिक रोजगारमा रहँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्त्वपूर्ण हुन्छन् ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

जि.प्र.का. द.नं. ८२/२०५८/५९, गो.हु.का. द.नं. १३/२०७३/७४

शब्दाङ्कुरलाई रकम भुक्तानी गर्न QR कोड स्क्यान गर्नुहोस् ।

## विशिष्ट र आजीवन सदस्यताका लागि अनुरोध

'शब्दाङ्कुर' २०५८ सालदेखि हालसम्म एक अङ्क पनि नटुटाई मासिक रूपमा निरन्तर प्रकाशित हुँदै आएको छ । वर्तमान परिवेशमा यसलाई स्थायित्व प्रदान गरी स्तरीकृत गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । यसका लागि यहाँहरूसमक्ष विशिष्ट र आजीवन सदस्यताको प्रस्ताव गरिएको छ । विशिष्ट र आजीवन सदस्यतामार्फत प्राप्त रकमलाई अक्षय कोषका रूपमा राखी उत्पादनमूलक कार्यमा लगानी गरिने छ । लगानीबाट प्राप्त रकम शब्दाङ्कुरको स्तरवृद्धि एवम् स्थायित्व प्रदान गर्ने कार्यमा खर्च गरिने छ । यसका लागि यस मासिकको नाममा प्रभु बैङ्क लिमिटेड (Prabhu Bank Limited) मा Account Name : SABDANKUR SAHITYPRADHA MASIK र Account Number : 0010003056000011 को खाता खोलिएको छ । नेपाल, भारत अथवा विदेशको कुनै पनि ठाउँबाट प्रभु बैङ्क लिमिटेडको उक्त Account Name र Account Number मा रकम जम्मा गरी यस पत्रिकाको विशिष्ट र आजीवन सदस्य बनेर योगदान गर्न सक्नुहुन्छ । विशिष्ट र आजीवन सदस्यता फारम हामीबाट इमेलमार्फत प्राप्त गर्न सक्नुहुन्छ । हुलाकमार्फत पत्रिका उपलब्ध गराइने भएकोले कृपया पत्राचार गर्ने ठेगाना प्रस्ट लेख्न र ठेगाना परिवर्तन भएमा तत्काल जुनसुकै माध्यमबाट खबर गर्नुहुन अनुरोध छ । समयमा पत्रिका प्राप्त नभएको जानकारी जुनसुकै माध्यमबाट प्राप्त भएमा पुनः पठाइने प्रतिबद्धता समेत व्यक्त गर्दछौँ । नेपाली भाषा, साहित्य, कला र संस्कृतिको श्रीवृद्धिमा तपाईंले प्रदान गर्नुभएको अमूल्य योगदानका लागि हार्दिक धन्यवाद ।

| | | |
|---|---|---|
| **विशिष्ट सदस्यता शुल्क**: | नेपाल (नेरु) र भारतमा (भारु) | १०,०००।- |
| | संस्थागत र अन्य मुलुक नेरु | २०,०००।- |
| **आजीवन सदस्यता शुल्क** : | नेपाल (नेरु) र भारतमा (भारु) | ५,०००।- |
| | संस्थागत अन्य मुलुकमा रु | १०,०००।- |